जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १६८ • २०७९ साल कार्तिक २७ गते आइतबार (13 November, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

### रौतहट -३ मा साह दलीय धरापमा

# स्वतन्त्र साहलाई स्वतन्त्र जयसवालको चुनौती

**ओमप्रकाश यादव**

गरुडा (रौतहट) । प्रतिनिधि सभाको चुनावका लागि उम्मेदवारी दर्ता देखि नै तिकडम गरेका प्रभु साहका लागि अर्का स्वतन्त्र उम्मेदवार ओमप्रकाश जयसवाल चुनौती बनेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) र एमाले गठबन्धनको टिकट निष्कृय बनाएर स्वतन्त्र उम्मेदवारी दर्ता गरेका प्रभु साह भने अहिले राजनीतिक धरापमा परेका छन् । उनलाई जयसवालले हराउन सक्ने स्थिति बन्न थालेको छ ।

प्रभु साहलाई सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुले समर्थन जनाए पनि रौतहट क्षेत्र नम्बर ३ मा गठबन्धन दलले उनको साथ छाडिसकेको छ ।

नेकपा एसबाट प्रदेश ३ को 'क' मा नागेन्द्र यादव र 'ख' मा कांग्रेसका जितेन्द्र यादव उम्मेदवार छन् । कांग्रेस रौतहटका सभापति समेत रहेका जितेन्द्र यादव र एसका नेता नागेन्द्र यादवले प्रतिनिधि सभाका स्वतन्त्र उम्मेदवार जयसवालसित प्रचारप्रसारमासँगै रहने गरेका छन् । उनीहरुले प्रभु साहलाई हराउनै पर्ने अभियान चलाएका छन् ।

जसपा र एमालेको टिकटलाई निष्कृय बनाएका प्रभु साहले क्षेत्र नम्बर ३ मा सत्तारुढ गठबन्धनको समर्थन प्राप्त गरेको दाबी गरे पनि क्षेत्र नम्बर १ मा भने एमालेका प्रतिनिधि सभाका उम्मेदवार





अजय गुप्तालाई सत्तारुढ गठबन्धनबाट नेकपा एसका उम्मेदवार माधवकुमार नेपाल विरुद्ध सहयोग गरिरहेका छन् ।

नेपाललाई हराउन सक्रिय रहेका प्रभु साहलाई क्षेत्रमै पराजित गराउन नेकपा एस र कांग्रेसका नेताहरुले रणनीति बनाएका छन् । हप्ता दिन अगाडिसम्म जित्नेमा ढुक्क देखिएका प्रभु साह अहिले निकै कमजोर देखिएका छन् । क्षेत्र नम्बर १ को प्रतिनिधि सभामा एमालेका गुप्ता र प्रदेश 'ख' मा स्वतन्त्र उम्मेदवारको पक्षमा खुल्ने बित्तिकै गठबन्धन दलका नेताहरुले घेराबन्दी गरेका छन् ।

एमाले र जसपाले हरेक हालमा साहलाई हराउन लागि परेका छन् । कांग्रेस र एसले समर्थन गरेको जयसवालको पक्षमा एमाले र जसपा पनि खुल्न थालेको छ । एमाले र जसपाको क्षेत्र नम्बर ३ मा उम्मेदवार नै छैनन् । आफू विरुद्ध दलहरुले मोर्चाबन्दी गरेपछि  प्रभु साहले राजनैतिक मूल्य र मान्यता विपरीत सत्तारुढ गठबन्धनका स्थानीय नेताहरु लागेको आरोप लगाएका छन् । 'सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुले दिएको निर्देशनको इमान्दारीपूर्वक पालना भइरहेको छैन्' साहले भने, क्षेत्रीय स्तरमा भइरहेको गठबन्धन प्रभावकारी हुने छैन् ।

साहलाई समर्थन गर्न माओवादी केन्द्रले आफ्नो उम्मेदवार धीरज पटेलको उम्मेदवारी निष्कृय बनाउन गरेको पहल सफल नभएपछि उनलाई पार्टीको साधारण सदस्यबाट नै निष्कासन गरिदिएको छ । तर पटेलको चुनाव चिह्न मतपत्रमा कायमै रहेको छ । उनले माओवादी चुनाव चिह्न मै मतदान गर्न क्षेत्रभरि मत मागिरहेका छन् ।

राजनीतिक तिकड्मका माहिर खेलाडी मानिएका प्रभु साह यस पटक धरापमा परेको नेता बृजकिशोर यादव बताउँछन् । 'साहले आफ्नो क्षेत्रमा सीमित रहेको भए उनको जित निश्चित थियो' उनले भने, तर कतै एमाले र कतै स्वतन्त्रको पक्षमा लागेपछि परेको घेराबन्दीबाट उम्किन सहज छैन् ।

प्रभु साहकी पत्नी एमालेबाट मेयरमा जितेकी छन् । कयौं पटक मन्त्री बनेका साहले स्वतन्त्र रुपमा पनि चुनाव जित्न सक्ने विश्वासका साथ मधेश प्रदेशको केही जिल्लामा स्वतन्त्र उम्मेदवारहरुलाई साथ लिएर शक्तिको रुपमा उदाउन चाहेका साह पराजित भए राजनीति यात्रामा अबरोध आउनेछ ।

पटक-पटक गुट र दल बदल गरेका साहमाथि नेता र कार्यकर्ताहरुले विश्वास गर्न छाडिसकेका छन् । स्वतन्त्र उम्मेदवारी दिएर चुनावमा जित्न सके गठबन्धनको जुनसुकै सरकार बने पनि सहभागी हुन सक्ने बाटो उनका लागि खुल्ला रहने छ ।

साहको कारण क्षेत्र नम्बर १ मा नेपालले कडा प्रतिस्पर्धा गर्नु परिरहेको छ । स्वतन्त्र रुपमा चुनाव लड्न प्रभु साहको आग्रहलाई अस्वीकार गरी एमालेकै टिकटमा चुनाव लडेका गुप्तालाई साहले समर्थन गरेका छन् । त्यसले नेपाललाई जित निकाल्न असहज भएको छ । साहलाई क्षेत्र बाहिर निस्कनै नदिने गरी सबै दलले उनलाई घेराबन्दी गरेको यादवले बताए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

# महोत्तरी-१ मा पोखरेल र महतोबीच रोचक प्रतिस्पर्धा

**टुडे समाचारदाता**

बर्दिबास (महोत्तरी) । महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा सत्तारुढ गठबन्धनका उम्मेदवार गिरिराजमणि पोखरेल र जनता समाजवादी पार्टी (जसपा) छाडेर एमालेबाट उम्मेदवार बनेका लक्ष्मी महतोबीचको प्रतिस्पर्धा रोमाञ्चकारी बनेको छ ।

जसपा र एमालेबीच गठबन्धन भएपछि महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ एमालेको भागमा पर्दा महतोले जसपा छाडेर उम्मेदवारीको दिन एमालेमा प्रवेश गरी टिकट पाएका थिए ।

२०७४ सालको चुनावमा पोखरेलबाट पराजित भएका महतो भने यस पटक जित्ने विश्वासमा छन् । गत चुनावमा जसपाबाट लड्का महतो यस पटक एमालेबाट लड्दा जसपाको समेत समर्थन पाएका छन् । स्थानीय तहको चुनावमा जसपाले राम्रो नतिजा ल्याएको छ । माओवादीले जितेको गौशाला नगरपालिका यस पटक जसपाले जितेको छ । गत चुनावमा एमालेको समर्थन पोखरेललाई रहेको थियो ।

सत्तारुढ दलका उम्मेदवार रहेका पोखरेलले विकासका अनेक कामहरु गनाइरहेका छन् । उनले रेलवे सम्बन्धी अध्ययनका लागि रेलवे इञ्जिनियरिंग कलेज खोल्ने वाचा समेत गरिरहेका छन् । तर मतदाताहरु उनीप्रति आकर्षित हुन नसकेको बर्दिबास ३ का विमल गौतमले बताए ।

पोखरेलका लागि सत्तारुढ गठबन्धन धेरै उपयोगी नहुन सक्छ' उनले भने, बर्दिबास नगरपालिकामा स्वतन्त्र जनप्रतिनिधि र गौशाला नगरपालिकामा जसपा रहेकाले त्यसको असर परेको छ ।

उम्मेदवारी दर्ता हुने दिनको विहानसम्म महतोले जसपाबाट





नै टिकट चाहेका थिए । तर त्यो नभएपछि उनी बाध्य भएर एमालेको टिकटमा चुनाव लड्ने निर्णय गरेको बताइन्छ । क्षेत्र नम्बर १ मा महतो (कोइरी) समुदायको बाक्लो बस्ती रहेको र महतो एकल उम्मेदवार भएकाले उनी स्वभाविक रुपमा धेरै बलियो भएको गौशाला नगरपालिकाका अरुण महतोले बताए ।

एमाले र जसपा गठबन्धनका उम्मेदवार महतोका लागि एकत्रित रुपमा मत पर्ने बताइन्छ । सत्तारुढ गठबन्धनमा रहेको असन्तुष्टिको व्यवस्थापन पनि पोखरेलका लागि चुनौती बनेको छ । पोखरेलका लागि मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरत साह बढी प्रभावकारी देखिएका छैनन् । उनी माओवादी केन्द्रको टिकटमा क्षेत्र नम्बर १ को 'ख' बाट चुनाव लडेका छन् ।

मधेश सरकारमा उनको कार्यकाल भ्रष्टाचार लगायतका विवादित रहेकाले पोखरेलका लागि अपेक्षाकृत प्रभावकारी हुन सकेको छैन् । त्यस प्रदेशमा नेकपा एस र लोकतान्त्रिक समाजवादीबाट पनि उम्मेदवारी रहेको छ । सत्तारुढ दल भित्रै तीनवटा दलका उम्मेदवार रहेकाले मन्त्री साहका लागि घातक बनेको बताइन्छ ।

एकता बचत तथा ऋण सहकारी संस्था लि.
जनकपुरधाम-४, धनुषा, मधेश प्रदेश
कर्मचारी आवश्यकता
प्रथम पटक प्रकाशित मिति : २०७९/०७/२७ गते

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरकालागि निम्न अनुसारको कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले यही मिति २०७९/०७/३० सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | पद | आवश्यक संख्या | योग्यता | न्यूनतम तलबभत्ता |
|---|---|---|---|---|
| १ | Teller | २ | स्नातक तह उत्तिर्ण | १६,०००।- |
| २ | Marketing Executive | २ | +2 उत्तिर्ण वा सो सरह | १६,०००।- |
| ३ | Customer Service | २ | +2 उत्तिर्ण वा सो सरह | १६,०००।- |
| ४ | Colector | २ | +2 उत्तिर्ण वा सो सरह | १६,०००।- |

१. आवश्यक कागजातहरू : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, फोटो २ प्रति, अनुभव भएमा अनुभवको प्रमाणपत्रको प्रतिलिपी र CV सहित उपस्थित हुनुपर्ने छ ।
२. छनौटको किसिम : अन्तरवार्ता

सम्पर्क नं. ९८०१६२५१८६, ९८०१६२२१८६
email : ektasavingjnk@gmail.com





**बारीमा कोदो पाक्दै**: शंखरापुर नगरपालिका- १ नाङ्लेभारेमा बारीमा पाक्दै गरेको कोदो बाली। *तस्विर :रासस*

# तीन तहमै एकीकृत निर्वाचन सुरक्षा कक्ष सञ्चालनमा- सेना

काठमाण्डु । नेपाली सेनाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा केन्द्र, प्रदेश र जिल्लामा एकीकृत निर्वाचन सुरक्षा कक्ष स्थापना गरी सञ्चालनमा ल्याएको छ।

मतदानस्थल सुरक्षा, मतदान सामग्री ढुवानी, जगेडा, हवाई गस्तीलगायत निर्वाचनसम्बन्धी सम्पूर्ण सुरक्षाका लागि करिब ७५ हजार जनशक्ति खटिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

निर्वाचन सुरक्षार्थ सात सय ७९ स्थानमा फौज परिचालित भई तैनाथ भइसकेको जानकारी दिइएको छ। सेनाले मतदानस्थलमा बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्ने छ। सेनाले निर्वाचन सुरक्षाका सन्दर्भमा हालसम्म आठ सय ३२ बम डिस्पोजन टोली परिचालन गरिसेको छ भने बाँकी एक सय ४३ टोली तयारी अवस्थामा रहेको जानकारी दिएको छ।

निर्वाचन आयोग परिसरमा निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्री प्याकिङ गर्न खटिएका एक सय सैनिक जनशक्तिले सुम्पिएको कार्य जिम्मेवारी पूरा गरी युनिटमा फिर्ता भइसकेको छ। आगामी निर्वाचनका लागि हिमाली जिल्ला जुम्ला, मुगु, हुम्ला, मनाङ, मुस्ताङ, डोल्पा र बाजुरामा सेनाको हवाई साधनद्वारा मतपत्र ढुवानीको कामसमेत पूरा भइसकेको छ।

यसअघि सेनाकै सुरक्षामा सम्पूर्ण मतपत्र छपाइको काम भएको हो। उक्त मतपत्र सुरक्षाका लागि खटिएका एक सय ४३ सैनिक जनशक्तिमध्ये आइतबारबाट अत्यावश्यकबाहेक अन्य फिर्ता हुने निर्देशनालयले जनाएको छ। सेनाले हाल एक सय छ महत्वपूर्ण संरचना, कारागार, विमानस्थमा तैनाथ रहेकामा केही दिनभित्रै थप पाँच कार्यस्थलमा खटिँदैछ।रासस

# अबिर चढाएपछि सम्पन्न भयो श्रीचन्द्रविनायक तथा श्रीभैरवनाथ जात्रा

काठमाण्डु । श्री चन्द्रविनायक तथा श्री भैरवनाथ जात्रा अमालकोट कचहरीका द्वारेले अबिर चढाएपछि सम्पन्न भएको छ। कार्तिक शुक्ल पूर्णिमाका दिन सुरु भएको जात्रा श्री चन्द्रविनायक र भैरवनाथलाई अबिर चढाएपछि मार्ग शीर्ष कृष्ण तृतीयाका दिन सकिने परम्परा छ।



जात्रा करिब साढे तीन सय वर्ष पुरानो भएको विश्वास गरिन्छ। नेपाल संवत् ८०१ मा राजा भूपालेन्द्र मल्लले यो जात्राको सुरुआत गराएको स्थानीयवासीको भनाइ छ। जात्रा सफलतापूर्वक समापन भएको खुसीयालीमा चावहिल क्षेत्रमा सिन्दूर जात्रा गरिन्छ।

जात्रा कार्तिक शुक्ल पूर्णिमाका चावहिल क्षेत्रमा सुरु भएको थियो। प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमादेखि मार्ग शीर्ष कृष्ण तृतीयासम्म चार दिन पशुपति, जयवागेश्वरी, मित्रपार्क, चावहिल र चुच्चेपाटी क्षेत्रमा चन्द्रविनायक जात्रा मनाउने गरिन्छ।

जात्राको पहिलो दिन 'मलजा नकेगु' कुमार कुमारीको पूजा गरेर विनायकको प्रसाद खुवाइएको थियो। चन्द्रविनायक उपत्यकाका चार विनायकमध्ये एक हो। चन्द्रविनायकलाई पशुपतिनाथको छोरा हो भन्ने धार्मिक मान्यता पनि छ। यसै मान्यताका आधारमा चन्द्रविनायक जात्रालाई पशुपतिनाथ मूल मन्दिर पनि घुमाइन्छ।

पशुपतिनाथ अमालकोट कचहरीका द्वारे पूर्ण डङ्गोलले कार्तिक शुक्ल पूर्णिमाका दिन बिहान चन्द्रविनायक मन्दिरमा विशेष पूजा गरेपछि जात्रा सुरु भएको हो। त्यस दिन बेलुकी मन्दिर परिसरमा धुनी जगाइयो। धुनी जगाउन पशुपतिनाथ अमालकोट कचहरीले दाउरा उपलब्ध गराउने परम्परा छ।

यसैगरी मार्गशीर्ष कृष्ण प्रतिपदाका दिन श्री चन्द्रविनायक तथा भैरवनाथको रथलाई मन्दिर वरपर घुमाई गङ्गाहिटीमा लगेर स्नान गराउने विधि छ। स्नानपछि दुवै खटलाई शनिबार बेलुकी चारुमती विहारमा लगेर बिसाइएको थियो।

मार्ग शीर्ष कृष्ण द्वितीयाका दिन दुवै रथलाई पशुपतिमा लगी पिताको दर्शन गराइयो। दर्शनपछि पशुपतिबाट चुच्चेपाटीसम्मका मूल चोकहरूमा घुमाइएको जात्रा समन्वय समिति सदस्य राजु भारतीले जानकारी दिनुभयो। यो जात्रा पशुपतिनाथबाट चुच्चेपाटीसम्म महत्वकासाथ मनाइन्छ।रासस

# उम्मेदवारलाई भोट र किसानलाई धान थन्काउने चिन्ता

फिक्कल । चुनावी सरगर्मी बढ्दै गर्दा उम्मेदवार, नेता र कार्यकर्तालाई भ्याइनभ्याइ छ। आसन्न मङ्सिर ४ गते तोकिएको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा धेरैलाई चुनावले तानेको छ। किसानलाई चुनावी सरगर्मी भन्दा खेतीपातीको चटारो छ। बरु उनीहरु पानीले पाकेको धान थन्क्याउन नदिएला कि भनेर पिरोलिएका छन्। पाकेको धान भकारीमा थन्क्याउने चटारोमा छन्।

जिल्लाका अधिकांश किसान यतिबेला धान थन्क्याउने चटारोमा छन्। उनीहरुलाई निर्वाचनमा कसले जित्ला र सरकार बनाउँला भन्ने भन्दा पनि यो पटक कति धान भित्र्याइएला भन्ने चिन्ता बढी छ। इलाम सूर्योदयका जगन्नाथ सापकोटा भन्नुहुन्छ, "वर्षभरिको कमाइ यहीँ धान हो भकारीमा थन्क्याउन मौसमले नदेला की भन्ने मात्र पिर छ।" पोहोर साल बिटा लगाउन ठिक्क पारेको धान झरी परेर बर्बाद पारिदिएको सम्झिँदै उहाँले भन्नुभयो, "यो साल त बेलैमा धान भिच्याउन पाए हुन्थ्यो।"



सापकोटालाई निर्वाचन नेताको लागी मात्र हो जस्तै लाग्छ। "चुनाव त नेताका लागी त रहेछ एकदिन भोट हाल्न जाउँला, जस्ले जितुन, काम कसैले गर्ने होइन क्यारे।" उहाँले विसं २०४८ बाट निरन्तर मतदान गर्दै आउनुभएको छ। " म जस्ता हजारौँ किसानको दुख जस्ताको त्यस्तै छ। उनीहरु भोट जितेर जान्छन् हाम्रो दुःख हामीसँगै।" माईजोगमाईका रोशन दियालीको खेतमा समयमा नै मल नपाएर धान सधैँ जस्तो फलेको छैन। बेलामा मल लगाउन नपाएपछि धानको बाला कम लागेको गुनासो गर्दै दियाली भन्नुहुन्छ, "उ त्याँ हेर्नु, धानको गुबो नै आउन सकेन। कमसेकम किसानलाई मल बीउविजन मात्रै बेलैमा पाए काम गरेर खान त सकिन्छ।"

पटकपटक चुनाव जिताएर पठाएका जनप्रतिनिधिले केही राहत पुऱ्याउन नसकेको भन्दै किसान निराश देखिन्छन्। फाकफोकथुम वडा नं ३ की प्रमिला राईको १६ मुरी धान फल्ने खेत छ। तर मल र खेताला लगाउन नसक्दा यो पटक आधा खेत बाँझै राख्नुपर्‍यो। राईले भन्नुभयो ,"अर्मपर्म जान सकिदैन, साना बच्चा छन्। जसोतसो छ गरा धान लगाएको थिए। अब थन्क्याउने बेला मुस्किल छ", खेताला अभावका कारण एक्लै धान काट्ने तयारी सुनाउँदै उहाँ भन्नुहुन्छ,"एक हप्ता लगाएर एक्लै काट्छु भोटहाल्न जानुभन्दा त एक गरा धान पो काटिन्छ।"

बिहान उठेदेखि साँझसम्म खेतबारीमा नङ्ग्रा खियाएर गुजारा टार्दै आएका किसानलाई निर्वाचनले छोएको छैन। "मङ्गलबार एकैदिन दुई हुल मानिस आएर आआफ्नै पार्टीको भोट मागेर गए। दिनभरिको काम गफ गरेरै बित्यो", इलाम साँघुबेसीका हर्क मगरले भन्नुभयो, "यो गर्छौ, त्यो गर्छौ भोट चाहियो भन्नुभयो। आफूलाई पाकेको अन्न घर भित्र्याउन चिन्ता छ। केको घोषणापत्र ? कस्तो योजना ? वास्ता पो गरिएन।"

इलामका अधिकांश किसान धान खेतीमा निर्भर छन्। धान र चिया नै इलामका कृषकको मुख्य खेती मानिन्छ। किसानका समस्या भने धेरै छन्। न समयमा मल पाइन्छ न त राज्यले बीविजनमा अनुदान नै दिन्छ। आधुनिक कृषि प्रविधिको अभाव छ।

उनीहरु सामान्यतः खेतबारीमा काम गर्दा प्रयोग हुने गम्बुट, डोका, नाम्ला र बीउविजन सरकारले उपलब्ध गराए हुन्थ्यो भन्छन्। सुन्दा सामान्य लागेपनि किसानका लागि यो ठूलो अभाव हो।रासस

# ओलीलाई लक्षित गर्दै हर्क साम्पाङको टिप्पणी

**टुडे समाचारदाता**

धरान । धरानका मेयर हर्क साम्पाङले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको भनाइप्रति टिप्पणी गरेका छन्। शुक्रबार धरानमा आयोजित चुनावी सभामा बोल्दै ओलीले कोशीको पानी धरान ल्याइने बताएका थिए।

उनले भनेका थिए, 'यहाँका मेयरलाई खानेपानी ले, खानेपानी ले भनेर कतिवटा घैला बोकून् बिचरा?। कसको घरमा खानेपानी पुऱ्याउने?' उनले धरानमा खानेपानी ल्याउन राष्ट्रिय बजेट र नेकपा एमालेको सरकार चाहिने बताए।



'कोशीबाट पम्पिङ गरेर पानी ल्याएर एमालेले धरानवासीलाई खुवाउँछ, तपाईंहरू ढुक्क हुनुस्,' ओलीले भने, 'नगरको बजेटले त्यो आयोजना हुन्छ त? हुँदैन। तर म केही भन्दिनँ, छान्ने बेला आँखा देख्नुभएन।'

यही भनाइलाई लक्षित गर्दै हर्कले ओलीमाथि व्यंग्य कसेका छन्। सामाजिक सञ्जाल फेसबुकमा उनले लेखेका छन्, 'उभिएर भाषणसम्म गर्न नसक्नेले हर्क साम्पाङलाई चुनौती दिएर गएछ! कठै बरा... गफाडी! उसको घरको उसको व्यक्तिगत कमाइजस्तो गर्दो रैछ! राष्ट्र के हो भन्नेसम्म नबुझ्ने अनपढले राष्ट्रिय बजेटको कुरा गर्ने?

# मनोसामाजिक अपाङ्गता भएकाको मताधिकार सुनिश्चितताको माग

पोखरा । आसन्न मङ्सिर ४ गते हुने आमनिर्वाचनमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले अन्य व्यक्ति सरह समान रूपले प्रतिनिधित्व गर्न पाउने वा मत दिने वातावरण नभएको भन्दै प्रदेश निर्वाचन अधिकृत होमनाथ पराजुलीलाई ध्यानाकर्षण पत्र बुझाइएको छ। सो सम्बन्धमा इन्द्रराज सुवेदी, कल्याणबन्धु वाग्लेसहितको टोलीले विभिन्न कानुन निर्देशिका लगायतमा भएको विभेदकारी प्रावधानका कारण मनोसामाजिक अपाङ्गता भएकाहरु मताधिकार एवं उम्मेदवार हुने अधिकारबाट वञ्चित हुनु परेको जनाउँदै शुक्रबार यहाँ ध्यानाकर्षणपत्र बुझाउनु भएको हो। प्रचलित ऐन, नियम, नियमावली तथा निर्देशिकाहरूमा मानसिक सन्तुलन ठीक नभएको व्यक्ति चुनावी प्रक्रियामा भाग लिई मतदान गर्न र उम्मेदवार हुन अयोग्य छन् भनी किटान गरिएकाले यस अवस्थामा व्यक्तिहरुले आफ्नो अधिकार उपभोग गर्नबाट वञ्चित भएकाले यसलाई संशोधन गर्नुपर्ने उहाँहरुको माग छ।

संविधानको प्रस्तावनामा सामाजिक न्याय सुनिश्चितता गर्ने समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको भएपनि विभेदकारी कानुनले यस अवस्थाका व्यक्ति मताधिकारबाट वञ्चित हुनु परेको सुवेदीले बताउनुभयो।

उहाँले उल्लिखित ऐनमा व्यवस्था गरिएका मानसिक समस्या वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आफ्नो मताधिकार प्रयोग वा उम्मेदवार बन्नबाट रोक लगाउने बुँदाहरू हटाउनुपर्ने माग ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको बताउनुभयो। प्रदेश निर्वाचन अधिकृत पराजुलीले निकै पहिलेदेखि नै उठिरहेको यस विषय महत्वपूर्ण रहेको जनाउँदै कसैको आत्मसम्मानमाथि चोट पुग्ने र मताधिकारबाट वञ्चित हुने कार्यलाई रोक्न सक्दो पहल गर्ने बताउनुभयो।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : धन बृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



निर्वाचन आचारसंहिता विपरीत सप्तरीको महादेवा गाउँपालिका-२ महादेवा चोकको सार्वजनिक स्थान, बिजुलीका खम्बामा टाँगिएका चुनाव प्रचारप्रसार सामग्री । *तस्बिर : रासस*

# महोत्तरी-२ मा चुनावी प्रचार उत्कर्षमा

महोत्तरी । निर्वाचन प्रयोजनको सभा, सम्मेलन खुला प्रचार अभियानको अवधि अब एक साताभन्दा कम बाँकी छँदा महोत्तरी-२ प्रतिनिधिसभा क्षेत्रमा चुनावी प्रचार उत्कर्षमा पुगेको छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुरुप १७ कात्तिकदेखि मङ्सिर १ गतेसम्मको खुला प्रचार अवधि अब पाँच दिनमात्र बाँकी छँदा यहाँ दल र उमेदवारले चुनावी प्रचारलाई तीव्र बनाएका हुन् ।

क्षेत्रका बस्तीबस्तीमा दल र उम्मदेवारका निर्वाचन चिन्हका प्रचार गीत र नाराका स्वर जताततै सुनिन्छन् । दल र उम्मदेवारले समूहमा घरदैलो र बस्तीबस्तीमा कोणसभाका कार्यक्रम सम्पन्न गर्दैछन् । "हामीले मतदातासँगको भेटलाई उच्च प्राथमिकतामा राखेका छौँ, यसबाहेक मतपत्रका नमुनामा मत दिने तरिकाबारे आम मतदातालाई देखाउने/बताउने गरिएको छ', महोत्तरी-२ बाट प्रतिनिधिसभाका तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल (वृषेशचन्द्र लाल नेतृत्वको) का उम्मदेवार डा विजयकुमार सिंह भन्नुहुन्छ, "खुला प्रचारको समय अवधि कम हुनाले एकै ठाउँ धेरै मतदातालाई आफ्ना कुरा भन्न कोणसभा पनि गर्दैछौँ ।'

क्षेत्रमा पाँचदलीय सत्तागठबन्धनबाट लोसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारी प्रतिनिधिसभाका उम्मदेवार हुनुहुन्छ । त्यसैगरी यो क्षेत्रको प्रदेशसभा (१) र (२) मा क्रमशः लोसपाका जयनुल राइन र नेपाली कांग्रेसका जिल्ला सभापति नागेश्वर यादव सत्तागठबन्धनका उम्मदेवार हुनुहुन्छ । प्रदेशसभा (१) मा भने सत्तागठबन्धनबाट राइन आधिकारिक उम्मदेवार भनिए पनि नेकपा (एकीकृत समाजवादी) का मञ्जु यादव पनि उम्मदेवार हुनुहुन्छ।यादवआफूलाईगठबन्धनकै उम्मदेवार बताउनुहुन्छ । उता राइन पनि आफूलाई सत्तागठबन्धनकै उम्मदेवार बताउनुहुन्छ । दुवै आ-आफ्ना प्रचारमा सक्रिय रहनुभएको छ । प्रदेशसभा क्षेत्र (२) मा भने सभापति यादव गठबन्धनको सर्वसम्मत हुनुहुन्छ ।

यसैगरी एमाले/जसपा गठबन्धनले प्रतिनिधिसभामा यो क्षेत्रबाट एमालेका डा रामपरीक्षण यादवलाई उम्मदेवार बनाएको छ । चिकित्सा क्षेत्रमा सफल चिकित्सक डा यादव क्षेत्रका ३६ वटै वडा बस्तीमा एकपटक आफू पुगिसकेको बताउनुहुन्छ । "हामी सघन भेटघाटमा छौँ, यद्यपि अहिले सघन खेतीको बेला परेको हुँदा अपेक्षित भेट भने हुनसकेको छैन', डा यादव भन्नुहुन्छ, "ठाउँठाउँमा कोणसभा सम्पन्न गर्दैछौँ, मुख्यपक्ष मत बदर नहोस् भन्ने शिक्षामा जोड दिँदैछौँ ।' यो क्षेत्रका दुई प्रदेशसभा क्षेत्रमध्ये (१) मा जसपाका धर्मेन्द्रकुमार साह र (२) मा एमालेका लक्ष्मीनारायण भगत यो गठबन्धनका उम्मदेवार हुनुहुन्छ । प्रदेशसभा क्षेत्र (२) मा यसअघि निर्वाचित प्रदेशसभा सदस्य सुरिता साहले यसपटक स्वतन्त्र हैसियतमा उम्मदेवारी दिनुभएको छ ।

महोत्तरी-२ प्रतिनिधिसभा क्षेत्रमा आठ स्वतन्त्रसहित १७ जना उम्मदेवार हुनुहुन्छ । जसमा महिला छैनन् । त्यसैगरी यो क्षेत्रको प्रदेशसभा क्षेत्र (१) मा आठ स्वतन्त्रसहित १९ जना उम्मदेवार हुनुहुन्छ । उम्मदेवारमध्ये एक महिला रहनुभएको निर्वाचन अधिकृतको कार्यालय महोत्तरी-२ बलवाले जनाएको छ । यसैगरी प्रदेशसभा क्षेत्र (२) मा १३ स्वतन्त्रसहित २० जना उमेदवारभित्र दुई जना महिला हुनुहुन्छ ।

महोत्तरी-२ प्रतिनिधिसभा क्षेत्रमा चार नगरपालिका र तीन गाउँपालिकासहित सात स्थानीय तहका ३६ वडा समेटिएका छन् । जसमा बलवा नगरपालिकाका ११ (सबै), लोहारपट्टी नगरपालिकाका नौ (सबै), भङ्गाहा नगरपालिकाका पाँचवटा र औरही नगरपालिकाका तीनवटा वडा सामेल छन् । यसैगरी महोत्तरी गाउँपालिकाका पाँच (सबै), एकडारा र पिपरा गाउँपालिकाका एक-एकवटा वडा यस क्षेत्रमा पर्छन् । जम्मा ३६ वटा वडाभित्र १०० भन्दा बढी बस्ती छन् । प्रतिनिधिसभा क्षेत्रका ३६ वडामध्ये प्रदेशसभा क्षेत्र (१) मा १७ र (२) मा १९ वडा छन् ।

राजनीतिक दलहरुमा पाँचदलीय सत्ता गठबन्धन (नेका, माओवादीकेन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चा) मध्ये राष्ट्रिय जनमोर्चाको यहाँ गतिविधि देखिदैन । चुनावमा सत्तागठबन्धन, एमाले/जसपा गठबन्धन, जनमत पार्टी, तमलोपा, राप्रपा नेपाल र राप्रपासहितका दलका उम्मदेवार प्रतिष्पर्धामा छन् । यहाँ आठ दलका उम्मदेवार भएपनि चुनावमा भने सत्तागठबन्धनका उम्मदेवार शरतसिंह भण्डारी र एमाले/जसपा गठबन्धनका उम्मदेवार डा यादवबीच मुख्य प्रतिष्पर्धा हुने बलवा-१० का सामाजिक कार्यकर्ता अव्दुल रफिकको अड्कल छ ।

यसअघि २०७४ मा शरतसिंह भण्डारी निर्वाचित हुनुभएको यो क्षेत्रमा गत स्थानीयतह निर्वाचनमा पनि वडातहको मतआधारले लोसपा पहिलो दल देखिन्छ । यद्यपि स्थानीयतहको निर्वाचनकै हुबहु हुने भन्न नसकिएपनि दलगत आँकलन गर्दा यसपालि प्रतिनिधिसभामा भण्डारी र एमाले/जसपा गठबन्धनका डा. यादवबीच मुख्य प्रतिष्पर्धा हुने अड्कल गरिएको रफिक बताउनुहुन्छ ।

यसअघिका निर्वाचन परिणाम सुनाउनु र सोअनुसार नतिजा आउँने कुरामा आफ्नो असहमति रहेको जनमत पार्टीका उम्मदेवार उमेश यादवको भनाइ छ । "जनता त परिवर्तन चाही रहेका छन्, अनि यसअघिका निर्वाचनमा फलाना फलाना जितेका थिए, फेरि तिनैबीच प्रष्पिर्धा हुन्छ भन्नु त परिवर्तन छेक्नु हो', यादव भन्नुहुन्छ, "निर्वाचनमा सबै सम्भावना उत्तिकै ज्यूँदा छन्, पुराना होउन् कि नयाँ ।' आफूले जनताबीच स्नेह र वास्ता राम्रै पाइरहेको यादवको भनाइ छ ।

द ल क ा नेता र उम्मदेवार सहयोगीसहित निर्वाचनचिन्ह अङ्कित झण्डासाथ बस्तीबस्ती पसेपछि माहोल निर्वाचनमय बनेको छ। मतदाताबीच दलका नेता र उम्मेदवारले गर्ने वाचा सुन्दा त अब देश उँभो लाग्ने भएछ कि भन्ने भ्रम पर्ने गरेको भङ्गाहा-२ सिङ्ग्याही बस्तीका ३० वर्षीय युवा सञ्जय यादवको भनाइ छ । तर आफैं मतदाता भएर संसद र स्थानीयतह गरी यसअघि चार चुनाव हेरिसकेका यादव अब भने काम नदेखेसम्म कसैलाई पत्याउने अवस्था नरहेको बताउनुहुन्छ । "तर जेहोस् निर्वाचन जनताका लागि दल र नेता पर्गेल्ने अवसर चाहि हो', यादव भन्नुहुन्छ, "यस अभियानमा झुठो आश्वासन बाँड्दै आएका कति नाङ्गिने छन् ।'

***दल र उम्मदेवारको सघन आउजाउले बस्तीबस्तीमा राजनीतिक छलफल, चुनावी अड्कलबाजी र स्थानीय मुद्दाबारे सर्वसाधारण पनि कुराकानी गरीरहेका भेटिन्छन् । प्रचारमा भोट माग्न आउने दल र उम्मदेवारसँग स्थानीय आवश्यकताबारे जानकारी गराउन ठाउँठाउँमा सर्वसाधारणले आपसी छलफल नै गर्ने गरेका पनि पाइएको छ ।***

दल र उम्मदेवारको सघन आउजाउले बस्तीबस्तीमा राजनीतिक छलफल, चुनावी अड्कलबाजी र स्थानीय मुद्दाबारे सर्वसाधारण पनि कुराकानी गरीरहेका भेटिन्छन् । प्रचारमा भोट माग्न आउने दल र उम्मदेवारसँग स्थानीय आवश्यकताबारे जानकारी गराउन ठाउँठाउँमा सर्वसाधारणले आपसी छलफल नै गर्ने गरेका पनि पाइएको छ । "हाम्रो मुख्य समस्या सिँचाइ नपुग्नु हो, अनि बीउ, मल र खेतीपातीमा प्राविधिक सल्लाह र सुलभ ऋण हामीलाई चाहिन्छ', बलवा-१० धमौरा बस्तीका बासिन्दाको छलफल निष्कर्ष सुनाउँदै सो बस्तीका ७५ वर्षीय वासुदेव पासवानले भन्नुभयो ।

निर्वाचनमा दलबाहेकका स्वतन्त्र उम्मदेवारहरु निर्वाचन परिणाम आफ्नो पक्षमा हुने बताउन भने चुक्दैनन् । रासस

# उम्मेदवारसँग मतदाताको अपेक्षा

जनकपुरधाम । बलुवा खोलामा पुल निर्माण नहुदाँ बर्सेनि वर्षायाममा डुबान र कटानको समस्या भोग्दै आएका धनुषाधाम नगरपालिकाको सरसा, रामपुर, लवटोलियासहित एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

धनुषाधाम बजारसम्म आवतजावत गर्ने सो क्षेत्रका स्थानीय एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम छ ।

"आफ्नो गाउँदेखि पाँच किलोमिटरको दूरीमा रहेको धनुषाधाम बजारसम्म पुग्न ठूलो समस्या छ', रामपुरकी श्यामादेवी यादवले भन्नुभयो, "पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर बजारसम्म पुग्ने गर्छौं, कतिपयले घुमाउरो बाटोको प्रयोग गरेर पुग्ने गर्छन् ।'

बाढीको समयमा दुई महिनासम्म त स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुने गरेको यादव बताउनुहुन्छ । यो समस्याबारे वडा र नगरका जनप्रतिनिधिदेखि मन्त्रीसम्म पनि अवगत गराएँ पनि खोलामा पुल निर्माणका लागि कुनै पहल हुनसकेको छैन । पुल निर्माण भएमा गाउँदेखि धनुषाधाम बजारसम्म पाँच किलोमिटर जति दूरी पर्ने छ ।

बालुवा खोलाको बाढीले बर्सेनि गर्दै आएको क्षतिबारे स्थानीयले जनप्रतिनिधिदेखि ठूला नेतालाई गुहार्दै आए पनि सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । "खोलामा पुल नबन्दा भोग्नुपरेको पीडाका बारेमा चारैतिर गुहार्दै आएका छौं, तर हाम्रो कुरा अहिलेसम्म कसैले सुनेनन्', रामपुरकै सीतादेवी भन्नुभयो, "निर्वाचित भएदेखि नै धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिलाई समेत खोलाले पुर्‍याउँदै आएको क्षति र पुलको आवश्यकताबारे ध्यानाकर्षण गराएँ पनि केही हुनसकेको छैन ।' केही महिनाअघि केही प्राविधिक गएर पुलको नाप-नक्सा गरे पनि पुल निर्माणको कुनै काम अघि बढ्न सकेको छैन ।

त्यसैले अब खोलामा तटबन्धनसँगै पुल निर्माणको सुनिश्चित गर्ने उम्मेदवारलाई मङ्सिर ४ गते हुन गइरहेको प्रनितिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदान गर्ने स्थानीय मतदाताको भनाइ छ । चुनावका बेला भोट लिन ठूला-ठूला आश्वासन बाँड्ने नेता पदमा पुगेपछि बिर्सिने गरेको लवटोलियाका रामचन्द्र साहले बताउनुभयो । उहाँले भन्नुभयो, "अब जसले हाम्रो कुरालाई मनन् गर्छ र खोलामा तटबन्ध र पुल बनाउने सुनिश्चितता गर्छ हाम्रो मत उहाँलाई नै जान्छ ।'

यता धनुषाधाम नगरपालिकाका निवर्तमान नगरप्रमुख बालेश्वर मण्डलले बलुवा खोलामा पुल निर्माणका लागि पहल गरे पनि सफल हुन नसकेको बताउनुभयो । "पुल निर्माणका लागि चाहिने जति बजेट नगरपालिकाकासँग भएन, त्यसैले सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल गरेको थिएँ', निवर्तमान नगरप्रमुख मण्डलले भन्नुभयो, "पछिल्लो समय के प्रगति भयो, त्यो मलाई थाहा भएन ।' यद्यपि यस विषयमा आफूले पहल गरिरहेको उहाँको भनाइ थियो ।

धनुषाको क्षेत्र नं १ मा पर्ने सो क्षेत्रका स्थानीयले आसन्न निर्वाचनमा ठोस प्रतिबद्धता जनाउनेलाई नै मतदान गर्ने बताएका छन् । उक्त क्षेत्रमा प्रनिनिधिसभा सदस्यका लागि पाँचदलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का उपमहासचिव मातृकाप्रसाद यादव, एमाले-जसपा गठबन्धनबाट जसपाका नेता दीपक कार्की र जनमत पार्टीबाट किशोरी साह (कमल)लगायतका उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।रासस

# सङ्घीयता र लोकतन्त्रको मजबुती नै आवधिक निर्वाचन : मुख्यमन्त्री पोखरेल

अन्नपूर्ण । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मङ्सिरमा हुने निर्वाचन सफल बनाउन तिनै तहको सरकार एक भएर लाग्नुपर्ने बताउनुभयो ।

पोखरामा शुक्रबार आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा उहाँले निर्वाचन भयरहित, स्वतन्त्र बनाउनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकार एक भएर लाग्नुपर्ने बताउनुभएको हो । "आयोगलाई सरकारले पैसा छुट्याएको छ । त्यो भएन भने प्रदेश सरकारले हेरेर बस्ने कुरा पनि भएन", उहाँले भन्नभयो, "हाम्रो लक्ष्य यो अभियानलाई सफल बनाउने हो ।"

सङ्घीयता र लोकतन्त्रको मजबुती नै आवधिक निर्वाचनमा आधारित भएकाले यसलाई सफल बनाउन सबै क्षेत्र लाग्नुपर्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "निर्वाचन एउटा प्रक्रिया मात्रै होइन । निर्वाचन यसो उसो गरेर भोट हालेर पठाउने मात्रै पनि होइन, भयरहित, शान्तिपूर्ण निर्वाचन भनेको जनताको मौलिक अधिकार पनि हो र जनताको आशा पनि हो ।"

यो पाँच वर्षको अवधिमा भएका काम र व्यवस्थाको निरन्तरता यो पटकको निर्वाचनले कायम गर्नुपर्ने उहाँले बताउनुभयो । पाँच वर्षको सङ्घीयताको कार्यान्वयनको सन्दर्भमा प्रत्येक क्षेत्र नयाँ प्रयोग भएको उहाँले बताउनुभयो । अधिकार क्षेत्रका विषयमा केन्द्रसँग विमती रहेको पनि उहाँले सुनाउनुभयो । विविध समस्या रहँदारहँदै पनि निर्वाचन सफल बनाउन पछि नहट्ने उहाँको भनाइ थियो ।

***गण्डकीमा निर्वाचनका लागि पाँच हजार सात सय ९९ प्रहरी खटिनेछन् । ११ हजार पाँच सय ८० म्यादी प्रहरी, पाँच सय १६ मोबाइल प्रहरी र छ सय ८८ म्यादी प्रहरी तैनाथी हुनेछन् । दुई सय २८ प्रहरी र एक सय २१ म्यादी प्रहरी रिजर्भमा राखिएका छन् ।***

निर्वाचनका लागि गण्डकीमा भौगोलिक विकटता मुख्य चुनौती

आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न गर्न गण्डकी प्रदेशमा भौगोलिक विकटता मुख्य चुनौती हुने देखिएको छ । मनाङ, मुस्ताङ र उत्तरी गोरखामा अहिले हिउँ पर्न थालिसकेको छ । प्रदेश सुरक्षा समन्वय समितिका अनुसार हिउँ पर्ने स्थानमा चुनौती देखिएको हो । समितिका अनुसार गोरखाका २२, मनाङका पाँच र म्याग्दीका तीन वटा गरी ३० मतदानस्थलका मतपेटिका हेलिकप्टरबाट ढुवानी गर्नुपर्ने बाध्यता छ । यी क्षेत्रमा मतदातालाई मतदानका लागि समस्या हुने आँकलन समितिको छ । समितिका सदस्य सचिव बद्रीनाथ अधिकारीले गण्डकीको सुरक्षा अवस्थाबारे जानकारी गराउँदै करिब १८ हजार सुरक्षाकर्मी खटाइने बताउनुभयो ।

पोखरामा भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा राजनीतिक दल र उम्मेदवारबीच अस्वस्थ प्रतिस्पर्धा पनि चुनौती हुने विषयमा छलफल भएको थियो । निर्वाचनमा परिचालित कर्मचारीको सुरक्षा, कर्मचारीको व्यवस्थापकीय त्रुटी, भौगोलिक विकटता र मौसमका कारण मतपेटिका ढुवानीमा हुन सक्ने कठिनाइ पनि निर्वाचन सुरक्षाका चुनौती हुन् । गण्डकी प्रदेशमा प्रतिनिधिसभातर्फ एक सय ९६ र प्रदेशसभातर्फ दुई सय ३५ उम्मेदवार छन् । प्रतिनिधिसभातर्फ २२ महिला र प्रदेशसभातर्फ २९ महिला उम्मेदवार छन् । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले इजाजत लिएका हातहतियार अझै नबुझाएका कारण चुनौती बढेको बताउनुभयो। "इजाजत लिएका हतियार एक हजार आठ सय हाराहारी मात्रै बुझाएका छन् । बाँकी हतियार आएको छैन", उहाँले भन्नुभयो, "अवाञ्छित गतिविधि होला भनेर १५ दिन अगाडिदेखि नै रक्सी बिक्री वितरणमा रोक लगाएका छौं । ७२ घण्टा अगाडि बोर्डर सिल गरिन्छ ।" गण्डकीको गोरखामा रुइला भन्ज्याङ, नवलपुरको छोटी भन्सार तथा मुस्ताङको कोरला नाका सिल हुनेछ । यद्यपि उत्तरका नाका कोरोना कालदेखि नै बन्द अवस्थामा छन् । छोटी भन्सार खासै चहलपहल छैन । गण्डकीमा निर्वाचनका लागि पाँच हजार सात सय ९९ प्रहरी खटिनेछन् ।

११ हजार पाँच सय ८० म्यादी प्रहरी, पाँच सय १६ मोबाइल प्रहरी र छ सय ८८ म्यादी प्रहरी तैनाथी हुनेछन् । दुई सय २८ प्रहरी र एक सय २१ म्यादी प्रहरी रिजर्भमा राखिएका छन् । कारागारका मतदानस्थलमा ३० प्रहरी र ५० म्यादी खटाइने प्रदेश सुरक्षा समन्वय समितिका सदस्य सचिव बद्रीनाथ अधिकारीले जानकारी दिनुभयो । रासस

# धनुषा क्षेत्र नं ३ मा गठबन्धन र एमालेबीच प्रतिस्पर्धा

धनुषा। आसन्न प्रतिनिधिसभा र प्रदेससभा निर्वाचनमा धनुषा क्षेत्र नं ३ मा मुख्यरूपमा पाँचदलीय गठबन्धन र विपक्षी गठबन्धन नेकपा (एमाले)बीच प्रतिस्पर्धा हुने देखिएको छ । धनुषाको यो निर्वाचन क्षेत्रबाट यसअघि लोकतान्त्रिक समाजवादी पार्टीका नेता राजेन्द्र महतो निर्वाचित हुनुभएको हो ।

आसन्न निर्वाचनमा पाँचदलीय गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता अनिल झा र विपक्षी गठबन्धन एमालेबाट नेतृ जुलीकुमारी महतो चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

एमाले उम्मेदवार महतो विसं २०७० को दोस्रो संविधानसभा निर्वाचनमा उहाँ कांग्रेस नेता विमलेन्द्र निधिसँग पराजित हुनुभएको थियो भने २०७४ मा समानुपातिक सांसद हुनुभएको थियो । २०७४ का दुई बलिया प्रतिस्पर्धी लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो र कांग्रेस नेता निधि यसपटक यो क्षेत्रको प्रत्यक्ष चुनावी प्रतिस्पर्धामा हुनुहुन्न । २०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) बाट महतोले कांग्रेस नेता निधिलाई पराजित गर्नुभएको थियो । निधि यसपटक समानुपातिक रोज्नुभएको छ भने महतो गृहजिल्ला सर्लाही-२ बाट उम्मेदवार बन्नुभएको छ ।

यस्तै सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बनेका झा २०७४ को निर्वाचनमा रौतहट-१ बाट प्रत्यक्ष निर्वाचित हुनुभएको थियो । यसपटक पाँचदलीय भागबण्डामा रौतहट-१ मा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल उम्मेदवार बनेपछि झाले धनुषा-३ मा उम्मेदवारी दिनुभएको हो । गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको मत परिणाम हेर्दा सत्ता गठबन्धनको अवस्था बलियो देखिएको छ ।

धनुषा क्षेत्र नं ३ मा जनकपुरधामउपमहानगरपालिकाका १७ सहित जम्मा ३८ वटा वडा पर्छन् । जनकपुरधामबाहेक नगराइन नगरपालिकाको सबै नौवटा वडा, मुखियापट्टि मुसहरनिया गाउँपालिकाको सबै छवटा वडा, धनौजी गाउँपालिकाको सबै पाँचवटा वडा र विदेह नगरपालिकाको एउटा वडा यस निर्वाचन क्षेत्रमा पर्छ । रासस

# निर्वाचनका कारण त्रिविका क्याम्पस र कार्यालयमा बिदा

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयका सबै क्याम्पस आगामी मंसिर १ देखि ५ गतेसम्म बन्द हुने भएका छन्।

शुक्रबार त्रिवि रजिष्ट्रारको कार्यालयले एक सूचना निकाल्दै अधिकांश क्याम्पसमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र राखिएकाले आगामी मंसिर १, २ र ५ गतेसम्म विश्वविद्यालयका सबै क्याम्पस र कार्यालय बन्द हुने जनाएको हो। मंसिर ३ गते शनिबार परेको छ भने ४ गते निर्वाचनकै दिन हो।

त्रिविका अधिकांश क्याम्पसमा मतदान केन्द्र राखिएको, त्रिविका प्राध्यापक तथा कर्मचारी निर्वाचनमा खटिएको र केही क्याम्पसमा मतगणना गर्ने केन्द्रसमेत राखिएको हुँदा बिदा दिने निर्णय गरिएको सूचनामा उल्लेख छ।

बिहीबार बसेको त्रिवि कार्यकारी परिषदको बैठकले निर्वाचनका कारण विश्वविद्यालयका दैनिक काम कारबाहीमा असर पुग्ने भन्दै क्याम्पस तथा कार्यालयमा बिदा दिने निर्णय गरेको हो।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चुनाव आयोगको नीति गलत

निर्वाचन आयोगले लागु गरेको आचारसंहिता र त्यसको अनुगमनमा देखाएको सुस्तताले स्वदेशी सञ्चार माध्यमहरुले पाउने विज्ञापनको रकम विदेशिएको छ । आयोगले स्वदेशी सञ्चार माध्यममा विज्ञापन गर्न अनेक झमेला खडा गरेको छ । तर विदेशमा डलर पठाएर अनेक सामाजिक सञ्जालमा विज्ञापन उम्मेदवारहरुले निर्वाध रुपमा गरिरहेका छन् । त्यसको आयोगले अनुगमन समेत गरिरहेको छैन् । आयोगले अनुगमन नगर्दा उम्मेदवारहरुले आचारसंहिताको धज्जि उडाउँदै सामाजिक सञ्जालमा विज्ञापन गरिरहेका छन् । एउटा उम्मेदवारले अर्को उम्मेदवारलाई होच्चयाउँदै पनि सामाजिक सञ्जालमा विज्ञापन भइरहेको भेटिन्छ । सामाजिक सञ्जालको समेत अनुगमन गरिरहेको बताउने निर्वाचन आयोगले स्वदेशी सञ्चार माध्यमहरुले चुनावमा पाउने विज्ञापनको रकम विदेशमा पठाउने वातावरण बनाइदिएको छ । स्वदेशी मिडियामा भएको विज्ञापनको सबै हरहिसाब, आकार, प्रकार मिलाउन सहज हुन सक्थ्यो । तर आयोगले सामाजिक सञ्जालहरुलाई त्यो मिलाउन सहज छैन् । देशको आर्थिक अवस्था सबल नभएको बेला उम्मेदवार हरुले डलरमा भुक्तानी हुने गरी सामाजिक सञ्जालमा विज्ञापन गरिरहेका छन् । निर्वाचन आयोगका लागि त्यो अनुकूल देखिएको छ । देशमा रहेका सञ्चार माध्यमहरुको प्रभाव कम्ती छैन् । विगतमा भएको ठूला राजनीतिक परिवर्तनहरुमा स्वदेशी सञ्चार माध्यमहरुको भूमिका अत्यन्त प्रभावशाली रहेको सबैले अनुभव गरिरहेकै विषय हो । नेपाली सञ्चार माध्यमहरुको विश्वसनियता, तटस्थताको नीति कमजोर छैन् । सामाजिक सञ्जालमा हुने गरेका कयौं विवादास्पद प्रचारले मतदाताहरुमा गलत सन्देश प्रवाह गरिरहेको छ । नेपाली सञ्चार माध्यमहरुलाई आयोगले प्रोत्साहन गर्न विज्ञापन नीतिलाई सरल र सहज बनाउनु पर्थ्यो । उम्मेदवारहरुले आचारसंहिता र आयोगको निर्देशनलाई व्यापक उल्लंघन गरिरहेका छन् । त्यसलाई रोक्न पनि स्वदेशी सञ्चार माध्यमहरुले प्रभावशाली पहल गरिरहेका छन् । हाल सम्म स्वदेशी मिडिया चुनाव सम्बन्धी कुनै प्रकारको विवादास्पद विषयमा मुछिएको छैन् । स्वदेशका सञ्चार माध्यमहरुलाई आयोगले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष रुपमा सम्पन्न गर्न सहयोग लिइरहेको छ । मिडियाले पनि आयोगको आचारसंहिता पालना गर्दै उम्मेदवार र राजनीतिक दलहरुलाई पालना गराउन सामाजिक दबाब सृजना गरिरहेका छन् । नेपालमा विगतमा पनि चुनाव भएको थियो । तर यस प्रकारले स्वदेशी मिडियाहरुलाई विज्ञापन नै बन्दगरी सामाजिक सञ्जाललाई प्रोत्साहित गरिएको थिएन् । चुनावमा भारतीय सवारी साधनको प्रयोग नगर्न वातावरण बनाए पनि डलर खर्चगरी भइरहेको विज्ञापनमा रोक लगाउन आयोगले हाल सम्म चासो देखाएको छैन् । डलर भुक्तानीबाट भइरहेको विज्ञापन नेपाली सञ्चार माध्यमको भन्दा कयौं गुणा महँगो रहेको छ । त्यसलाई रोक्न आयोगले प्रयास गरेको छैन् । उम्मेदवारहरुले अन्य व्यक्तिको नामबाट सामाजिक सञ्जालमा विज्ञापन गराउने र त्यसको भुक्तानी गरिरहेकाले आयोगलाई त्यसको लेखाजोखा राख्न समेत कठिन हुनेछ ।

# कसरी सफलतापूर्वक सम्पन्न होला चुनाव



**उदय कुमार यादव (यदुवंशी)**

नेपालको सङ्घीय निर्वाचन अन्तर्गत २०७९ मंङसिर ४ गते एकै चरणमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न हुने गरी प्रक्रिया अगाडि बढ्दैछ । दलहरुले आ-आफ्नो शुभेच्क्षक र कार्यकर्ताका माध्यमबाट प्रचूर मात्रामा प्रचार प्रसारमा लागेपनि, निर्वाचन आयोगको पहलमा नागरिक मदाता शिक्षा अभियानको गति अलि ढिला जस्तो देखिन्छ । आवधिक निर्वाचनका एक प्रकारले लोकतन्त्रको आधारशीला निहित रहेका हुनछ । निर्वाचनबाट नै चुनिएका प्रतिनिधिहरु मतदाताप्रति उत्तरदायी भई वास्तविक शक्तिको प्रयोग गर्दछन् । मतदाताको माध्यमबाट जनप्रतिनिधि छनोट गर्ने प्रक्रिया नै निर्वाचन हो । तसर्थ निर्वाचन लोकतन्त्रको प्राण र शासन व्यवस्थाले बैधता प्राप्त गर्ने एउटा महत्तवपूर्ण माध्यम हो ।

खास गरी निर्वाचनमा चाहि यूवाको भूमिका महत्वपूर्ण देखिन्छ । उनीहरुको संग्लग्नता र शक्रियता बीना कुनै निर्वाचन सफलता पूर्वक सम्पन्न हुन सक्दैनन् । यसर्थ तिनिहरुलाई समूचित परिचालन गरी गराई समयमा नै मतदाता शिक्षा अभियान सुचारु गर्दा सहज हुनेछ । नागरिकलाई मतदान गर्न सजिलो र फूर्तिलो महशुस हुनेछ । यसै शीलशीलामा एउटा चेतनशील नागरिकको कर्तव्य तथा दायित्व बोध गर्दै, यसलेख मार्फत् विभिन्न सान्दर्भिक तथा समसामयिक स्रोत र साधनहरुका माध्यमबाट मतदाता शिक्षा अभियानको केहि आवश्यक सत्य-तथ्य, मार्मिक रहस्यहरु उद्घाटन गर्न जमर्को गरेको छु ।

संविधानको धारा ८४ मा प्रतिनिधि सभा २७५ सदस्यीय हुने व्यवस्था छ । प्रत्यक्ष प्रणालीबाट निर्वाचित हुने १६५ सदस्य तथा सम्पूर्ण देशलाई एक निर्वाचन षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रणाली बमोजिम निर्वाचित हुने ११० सदस्य संसदमा पुग्दछन् । त्यसैगरी सातै प्रदेशका ३३० निर्वाचन क्षेत्रमा प्रत्यक्ष प्रणालीबाट मतदान हुनेछ । जसमा समानुपातिकका कुल २२० सदस्यका लागि समेत मतदान गरिनेछ । निर्वाचन प्रक्रियामा प्रायः तीन प्रमुख अवधि रहन्छन् । निर्वाचन पूर्वको अवधि, निर्वाचन अवधि र मतदान पछिको निर्वाचन अवधि, केवल एक दिनमै सकिने मतदानका लागि, यसको सम्पन्न गराउनु पर्ने प्रक्रिया तयारी गर्दा लामै हुन्छ । यसरी निर्वाचन जस्तो संवेदनशील तथा महतवपूर्ण प्रक्रिया सबैलाई सहज र सरल हुने गरी बुझ्न र बुझाउनका लागि यस सम्बनिध केहि टर्मस तथा नर्मसहरु थाहा पाइराख्नु अति आवश्यक देखिन्छ ।

निर्वाचनको लागि पहिलो पूर्वाधार भनेको मतदाता नमावली नै हो । यसका फोटो सहितको नाम समावेश हुनुपर्छ । अन्यथा निर्वाचनमा भागलिनबाट वञ्चित हुन सकिन्छ । जुन नगरपालिका वा गाउँपालिकामा नाउँ छ, त्यहीबाट मात्र मतदान गर्न पाइन्छ, वर्तमान निर्वाचन प्रमुखका अनुसार विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको व्यवस्था गर्न विभिन्न कानूनी अर्चन रहेको छ । हाल करिब ४० लाख नेपाली खाडी मूलूक र अन्य देश (इन्डिया वाहेक) मा कार्यरत रहेका छन् । दुःखको कुरो, सिमित मात्रामा पनि उनिहरुको मतदाता नमावली सङ्कलन हुन सकेको छैन । जसका कारण नेपाल बाहिर रहेका लाखौं नेपालीले यस निर्वाचनमा मताधिकार प्रयोग गर्नबाट वञ्चित हुनेछन् । जर्कातिर नागरिकता प्राप्त नगर्न सकेका लाखौं नेपाली अझै मतदाता बन्न सकेका छैनन् । त्यस्तै नागरिकता बनेपनि मतदाता नमावलीमा नाम नहुने मतदाताको सङ्ख्या यकिन गर्न त्यति नै कठीन कार्य छ ।

मतदाता नमावली पछि दोश्रो आधार भनेको मतदाता परिचयपत्र नै हो जुन आयोगले बनाएर वितरण गर्नु पर्छ । यसर्थ आसन्न निर्वाचनमा करिब साढे तीन लाख थप मतदाताको लागि नयाँ मतदाता परिचय पत्र छपाएर वितरण गर्ने तयारीमा आयोग रहेको छ । यसरी छापिएका सम्पूर्ण परिचय पत्रलाई मतदान हुनु भन्दा तीन दिन अगाडि मात्र मतदान केन्द्रमा पठाइनेछ र त्यहाँबाट सम्बन्धीत सबै ठाउँमा बितरण गरिनेछ । अन्य मतदाताका हकमा पुरानै मतदाता परिचयपत्र कायम राखिएको छ ।

सम्बन्धीत एक श्रोतानुसार, मोरङ, झापा र काठमाण्डौंमा सब भन्दा बढी मतदाता तथा मनाङ मुस्ताङ र डोल्पामा सब भन्दा कम मतदाता संङख्या रहेका छन् । यस पालीको यस चुनावमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेको कायम गरिएको छ । हाल प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्था छ । दुबै सदनामा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु नै पर्ने संवैधानिक व्यवस्था रहेको छ । समावेशीको आधारमा हरेक प्रदेशमा फरक फरक प्रतिनिधित्व देखिनछ । आदिवासी जनजाति, खस आर्य, थारु, दलित, मधेशी र मुस्लिम गरी समावेशी आधारलाई जम्मा ६ समूहमा बर्गिकरण पनि गरिएको छ ।

सातै प्रदेश मध्ये सब भन्दा बढी मतदान केन्द्र हुने पूदेश मधेश प्रदेश, बागमती प्रदेश र प्रदेश १ रहेका छन् । एउटा मतदान स्थलमा धेरै मतदान केन्द्रहरु हुन् सक्छन् । मतदाता संख्याका आधारमा आयोगले जम्मा १० हजार ८९१ मतदाता स्थल र २२ हजार मतदान केन्द्र तोकेर निर्धारण गरेको छ । यसै गरी सब भन्दा बढी मतदान केन्द्रहरु मोरङमा ८३९ काठमाण्डौंमा ७६८ र झापामा ७६६ मतदान केन्द्र राखीएका छन् भने सब भन्दा कम २८ मात्र मनाङमा राखेको छ । प्रतिनिधि सभाको प्रत्यक्ष तीर १६५ तथा प्रदेश सभाको सदस्य निर्वाचनमा त्यसको ठीक्क दोब्बर ३३० निर्वाचन क्षेत्र कायम गरिएको छ ।

अर्थात् मतदान केन्द्रको चर्चा गर्दा, विशेष गरी यो महिलामैत्री तथा लैङगिक मैत्री देखिदैनन् । किनकी अपङहरु तथा सुत्केरी तथा प्रस्तुती महिलाहरु मतदान केन्द्रसम्म सहज रुपमा पुग्न धेरै अप्ठयारो महशुस गरि रहेको देखिन्छ । जुनसुकै ठाउँमा व्हील चेयर तथा लौरो टेकी पुग्न कठीन हुनछ । महिलाका लागी सौचालयको अभाव तथा अपाङका लागि सरल बाटोको अभाव नै देखिन्छ । मतदान सिङ्गो एकै दिनमा सु सम्पन्न हुने एक प्रकारको महा-यज्ञ झै भएपनि त्यसको सम्पूर्ण संवैधानिक तथा उचित प्रक्रियाहरु कानूनी व्यवस्था आदि व्यवस्थापन गर्दा धेरै सुक्ष्म तथा गहन ढंगले गर्नु पर्दछ । यो खेल एउटा हार तथा जीत विजय तथा पराजयको भए पनि, यसका प्रमाण पत्र थमाउन, निर्वाचन आयोगलाई त्यति सहज र सुलभ हुदैन, निर्वाचनसँग सम्बन्धीत दर्जनौ निर्देशिका तथा प्रचार प्रसार सम्बन्धी विभिन्न सामग्रीहरु तयार गर्नु पर्ने हुन्छ ।

मतदान केन्द्रको व्यवस्थापछि, मतदाता निर्देशिका सहितको मतदाता शिक्षा अभियान पनि उति नै अपरिहार्य देखिन्छ । यस पटक आयोगले बिगतमा भन्दा केही नविन प्रयोग गर्ने तयारीमा रहेको छ । जसमा स्थानीय तहकै र संग्लग्नतामा घरदैलो अभियान संचालन गर्ने भएको छ । यसै गरी बिद्युतीय सञ्चार माध्यम रेडियो, टेलिभिजन अनलाइन सामाजिक संजाल, छापा आदि सबै प्रकारका मिडियाका फरक फरक शैलीमा मतदाता शिक्षा अभियान सञ्चालन गरिनेछ । म निर्वाचनमा सहभागी हुन्छु भन्ने अभियानमा आयोग तल्लिन रहेको देखिन्छ । मोवाइलका विभिन्न प्रकारका कलिङ टोनहरु मार्फत पनि यो अभियान जारी रहेको बुझिन्छ ।

हालसम्म निर्वाचन पर्यवेक्षण गर्न चाहने ४३ भन्दा बढी संस्थाले निवेदन दिएका छन् । आयोगले विश्व गरी नाम कहलिएका निर्वाचन पर्यवेक्षण नें संस्थाहरुद्वारा पर्यवेक्षण गराएर नेपालको निर्वाचनलाई उत्कृष्ट निर्वाचन भएको देखाउन चाहन्छन् । स्विकृति प्राप्त मध्ये ४३ स्वदेशी संस्थाले पेश गरेका विवरण अनुसार करिब २० हजार पर्यवेक्षक मतदान स्थल तथा मतदान केन्द्र सम्म पुग्नेछन् । त्यसै गरी हरेक देशको निर्वाचनमा आ-आफ्नै किसिमका प्रणाली तथा विशेषता रहेको पाइन्छ । यसै शीलशीलामा नेपालमा पनि निर्वाचनको मत सर्वेक्षण गरेर मतदान अघि नै त्यसको नतिजा सर्वजनिक गर्न पाईदैन । यस सम्बन्धमा यहाँका आचासंहिता नै त्यसकार्यमा बन्धेज लाएको बुझिन्छ ।

निर्वाचन सम्बन्धी कुनै एक किसिमका तयारी गर्नु पर्दैन् । यस सम्बन्धी अन्य धेरै किसिमका तयाही गर्नु पर्ने हुन्छ । त्यसमा पनि मतदान सामग्रीको पूर्ण व्यवस्थापन सबै भन्दा जटील कार्य रहेको छ । समान्यतया निर्वाचनमा कम्तीमा ५७ प्रकारका विभिन्न निर्वाचन सामग्रीको व्यवस्थापन गरिन्छ । सीयो, धागो, मसी, स्ट्याम्प, मतपेटीका आदि लगायतका सबै सामग्री करिब विदेशबाटै मंगाउनु पर्दछ । मतदान स्थलका प्रत्येक मतदान केन्द्र सम्म मतपेटीकाको समूचित व्यवस्थापन पनि गर्नु पर्छ । विगतमा २०६४ र २०७१ सालमा क्रमशः पहिलो र दोश्रो संविधान सभा सदस्यका निर्वाचनमा विद्युतीय मेसिनको प्रयोग भएको थियो भने यस पाली विद्युतीय प्रणालीको संभावना नदेखिएकाले, परम्परागत शैलीबाट नै मतदान सम्पन्न गराइने तय भइसकेको छ । यसै कारण आयोगले थप ५०,००० मत पेटिका थान खरिद गरि सकेको छ ।

विगतको तुलनामा निर्वाचन दिन प्रतिदिन झन् झन् खर्चिलो हुँदै गइरहेको देखिन्छ । जसमा पैसा हुनेवाला धनी उम्मेदवारले पैसाकै चलखेल गरी सिद्धान्त र विचारको राजनिति गर्ने असल व्यक्तिलाई निरुत्साहित गर्दै जाने कु प्रवृति बढ्दै गएको बुझिन्छ । मदीरा र मनीकै भरमा निमुखा जनताको अमूल्य मत खरीद बिक्री गरी असल जेहेन्दार जुझारु व्यक्ति जित्नु पर्नेको पराजय र मनी र पावरको दुरुपयोग गरेर सत्तामा जानेको विकृति र विसंगतिको परिणाम हो अहिलेको अस्थितरता राजनैतिक अस्थिरता, सजनैतिक विचलन आदि । त्यति पैसा रुपियाको अनावश्यक रुपमा दुरुपयोग गर्नुको साटो गरीब निमुखाखको उधार वा साझा सर्वजनिक विकासमा लगानी गरिन्थ्यो भने धन राषीको सदुपयोग भई एक किसिमको ठूलै राहत सबैमा महशुब हुने थियो ।

सरकारको चौथो अङ मानिने मिडिया तथा सञ्चारको महत्व पनि कम नरहेको छ । किन की निर्वाचनमा सञ्चार माध्यमबाट नै उचित अनुगमन कार्य हुने गरिन्छ । निर्वाचन आचार संहिताको पालन भए नभएका खबरदारी गर्ने मुख्य शक्ति र स्रोत नै सञ्चार माध्यम हो । तर निर्वाचनमा सञ्चार माध्यम यदि आफै आचार संहिताको उल्लङघन गरेर कुनै खास दल वा उम्मेदवार विशेषको प्रचारको साधन पुग्छन भने पक्षपात अवैधानिक तथा दण्डनीयताको शीकार बन्न पुग्नु स्वभावि कै हो । किनकी मिडियाको पनि निष्पक्षताको परिक्षण हुने बेला यही हो । सञ्चार अनुगमनबाट आउने निष्पक्षता तथा उचित निष्कर्षबाट नयाँ सञ्चार सिद्धान्तको विकास हुने भएकोले, सञ्चार अनुगमन अनिवार्य नै हुने गरेको छ । जुन सरकारी वा गैर सरकारी दुबै निकायबाट हुने गरिन्छ ।

मतदानलाई व्यवस्थित तथा सफलतापूर्ण बनाउनका लागि, ७७ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृत तोकिएको छ । त्यस पछि क्रमशः मतदान अधिकृत र सहायक मतदान अधिकृतको पनि समूचित व्यवस्था गरिन्छ । निर्वाचन आयोगका असली प्रतिनिधिकै रुपमा मतदान केन्द्रमा मतदान अधिकृत नियुक्त गरिन्छ । तसर्थ मतदान अधिकृतले हस्ताक्षर नगरेको मतपत्र बदर हुन सक्छ ।

निर्वाचनको शुरुवाती विभिन्न प्रचार प्रसार सके पछि, मौन अवधि तोकिएको हुन्छ, जुन मतदान हुनु भन्दा केहि दिन अघि मात्र लागु हुने गरिन्छ । यस अवधिलाई अति महत्वपूर्ण अवधिको रुपमा देखिन्छ । मतदाता शिक्षा अभियानको सँग सँगै, राजनितिक दलका उम्मेदवार राजनितिक दल तथा स्वतन्त्र उम्मेदवारको प्रचार प्रसार सुनामी उछाल झै अनियन्त्रित भै सकेको हुन्छ जसलाई समूचित रुपमा शान्तपारी नियन्त्रणको कार्य पनि यही मौन अवधिले नै गरेको हुन्छ ।

यस अवधिमा मतदाताले शान्तिपूर्वक सोचेर कसलाई मतदिदा मत खेर जान्दैन भने विचार बनाउँछ । यस अवधिमा प्रचार प्रसारका सबै दलीय गतिविधीहरु अनिवार्य रुपमा बन्द गरिन्छ । तर गोप्य रुपमा मौन अवधिका नर्मसलाई उल्लङघन नगरी, घर घरमा मतदाताको कानकान सम्म पुगी मन जित्ने माहोल बनाउने प्रयास गरिन्छ । यस अवधिमा मिडिया तथा सञ्चार माध्यमका हरेक माध्यमबाट व्यक्तिगत समाचार सामग्रीहरु सम्प्रेशन, सेयर, ट्याग प्रतिक्रिया वा पुनः प्रतिक्रिया आदि सबै गतिविधिहरु कडाईका साथ निषेध गरिएको हुन्छ ।

हुनत : मतदानको व्यवस्थापन गर्ने प्रमख जिम्मेदारी मतदान अधिकृतको हुन्छ तर मतदान कार्य सफलतापूर्वक सम्पन्न गराउने सम्पूर्ण जिम्मेदारी मतदान अधिकृतको मात्र होइन, सामग्रमा सबै नागरिकको हो । मतदातालाई पिउने पानी, चिया नास्ता वा खाजा, घाम लाग्दा वा पानी दर्कदा बस्ने ओत व्यवस्थापन तथा अपाङता भएका, ज्येष्ठ नागरिक, सुत्केरी बच्चा बोकेका आमालाई मतदानमा पहिलो प्राथमिकता दिलाउने प्रमुख जिम्मेवारपूर्ण भूमिका त्यहाँका यूवा समूहले नै खेल्न सक्छन् ।

मतदान कार्य सम्पन्न भइसकेपछि, मतपेटीकाको उचित जतन गर्नु अर्का महत्वपूर्ण जिम्मेवारी हो । जसका लागि निर्वाचन आयोगले नेपाली सेना, शसत्र प्रहरी र नेपाल प्रहरीको सुरक्षामा मतदान स्थल सम्म लगेको हुन्छ । किनकी मतपेटीका सिलबनदी गर्दा लगाएको लाह छापलाई सुरक्षित साथ राख्नुपर्ने हुन्छ । यदि ढुवानीमा राम्ररी ध्यान पुऱ्याउन सकेना भने सिलबन्दी टुट्ने लाहछाप बिग्रिने र दलहरुबीच विवाद उत्पन्न हुने संभावना बढ्न सक्छ ।

मतदान पछिको प्रक्रिया भनेको मतगणना नै हुनछ, जुन अत्यन्त संवेदीन शील र उत्साहित, जागरुकता तथा उत्सुकता बढाउने खाले हुन्छ, जसको प्रतिक्षा र जिज्ञासा सबैलाई हुन्छ । चुनावको केवल एक मतको घटी वा बढीको परिणामबाट बिजय र पराजय निर्णय हुने गर्दछ । केवल एक मतकै करामतले विजेता घोषित हुने गर्दछ । मतदान केन्द्र वा मतदान स्थलबाट सम्पूर्ण मतपेटीका समयमै सम्बन्धी तोकेका ठाउँमा प्राप्त भएपछि, उम्मेदवार वा उनका प्रतिनिधिको रहोवरमा सबैको सहमति अनुसार नै मतगणना कार्य शुरु गरिन्छ । यदि कुनै उम्मेदवार वा उनका प्रतिनिधि सहमति अनुसार उचित समयमा नै उपस्थित भएन भने मतगणना कार्य रोकिदैन ।

अर्थात् लोकतन्त्रको सौन्दर्य भनेको नै जनअभिमतको कदर गर्नु हो । किनकी सार्वभौम नागरिकले गोप्य मतदानको माध्यमबाट दिएको फैसला सबैले सहस्र स्विकार्नुको कुनै विकल्प हुँदैहुँदैन । मतादेशकै माध्यमले कोही सत्तामा पुग्छ, भने कोही विपक्षीको भूमिका स्विकार्छन् । जुन समान्य नियमित प्रक्रियामा अवतरित हुँदो रहेछ । वास्तवमा उन्नत लोकतन्त्रमा निर्वाचनको मर्यादालाई सबैले पालना गर्नु पर्छ । अन्यता निर्वाचनको क्रममा अनेक खालका मतभेद, बादविवाद तथा विभिन्न बाधा अर्चन सिर्जना हुन सक्छ, त्यसको निरुपण गर्ने पहिलो जिम्मेवारी निर्वाचन आयोगको हो भने अर्का जिम्मेदारी सुरक्षा निकाय, राजनीतिक दल, तिनका उम्मेदवार र कार्यकर्ताहरुकै हो । तसर्थ निर्वाचन ऐन २०७३ द्वारा विवाद निरुपणका लागि ५ वटा निकायलाई क्षेत्राधिकार पनि तोकि दिएको छ । त्यसमा निर्वाचन आयोग निर्वाचन अधिकृत र नाम दर्ता अधिकारीले गर्नु पर्ने सुनुवाइ सम्बन्धी कार्यविधि नै तयार भइ सकेको छ ।

समग्रमा भन्दा मतदाता नै यसबेला महान हुन्छन् जसले राष्ट्र निर्माणको नायक छान्ने काम गर्छन् । त्यसैले चुनाव आएपछि मात्र मतदाताको महत्व बढेको हुन्छ । अरुबेला गाउँ समाजमा नछिर्ने, नचिनीने नेतागण उम्मेदवार बनेर चुनावमा घर घर पुगेर नमस्कार गर्ने सबैलाई ढोग्ने गरेको हुन्छ । बिगतमा कुनै गल्ती भएको भएमा क्षमा याचना स्विकार्दै, अब उपरान्त राम्रो काम सवको हितमा गर्ने र गराउने वाचा तथा प्रतिबधताका सात पेस हुने गर्छन् । यसर्थ मतदानका बेलामा नै मतदाताको महत्व र गरिमा उच्च भइ बढेको हुन्छ ।

अतः निष्कर्षमा भन्दा खेरी निर्वाचन शान्ति पूर्वक सु-सम्पन्न गराउन सरकारले बिद्रोही समूचित-समूचित वर्ता गरी तिनीहरुलाई पनि मूलधारमा ल्याउनुको विकल्प छैन । अन्यथा ठाउँ ठाउँमा धाँधलिरहित नभई बिथो लिने आशंका सहि सावित हुनेछन् । यसमा खटाईने मतदान अधिकृत देखि कार्यालय सहायक कर्मचारीलाई पनि उचित प्रक्षिण दिएर समयमा नै कार्य स्थलमा पठाउनु पर्छ । बिगतका चुनावमा परेका बेला सम्पूर्ण शिक्षक समूदायलाई समावेश गरेपनि यसपाली स्वेक्षाले मनपरी गरी खास-खास लाई मात्र मौका दिएकाले काँखा-पाखा गरेको आरोप निर्वाचन आयोग लगायत सम्बन्धीत सबै सरोकारवालालाई लाग्ने स्वभाविकै हो । आम शिक्षकको पनि आर्थिक अवस्था सवल पार्ने वा सरकारको लागि ओभरटाइम ड्यूटी गर्ने रहर हुन सक्छन् । जसबाट उनिहरुलाई वञ्चित गर्दा चित दुखेकोले यसको आपति जनाउनु अस्वभाविक होइनन् । किनकी परेको बेला सबैलाई अनिवार्य रुपमा खटाउने, नपरेकावेला निजामतिलाई नै प्राथमिकता दिनु, काँखा-पाखा वा दाँया बाँया गर्नु सिवाय अमानविय व्यवहार भएको वा मानव अधिकार समेत हनन् भएको आरोप पनि अस्वभाविक होईनन् ।

# के हो स्त्री बन्ध्यत्व ?



**डा ज्योति ठाकुर**

सामान्यतय बन्ध्यत्व एउटा रोग हो र यो रोगले हाम्रो जीवनमा ठुलो प्रभाव पार्छ। यसले शारीरिक, मानसिक, सामाजिक, पारिवारिक तथा ,भावनात्मक सबै पक्षहरुलाई बिथोल्छ। त्यसैले एउटा महिलाको जिवन कालमा मातृत्व सुख पाउनु एकदमै महत्वपूर्ण उद्देश्य हुन्छ। अहिलेको परिवेशलाई अध्ययन गर्दा सानै उमेरदेखि असुरक्षित सम्बन्धमा परेर जथाभावि गर्भनिरोधक औषधिको प्रयोगले बन्ध्यत्वको समस्या देखिने भएको छ ।

**गर्भको लागी छ घटकद्रव्यहरू चाहिन्छ जसलाई षड्भाव पनि भनिन्छ। ति हुन्,**

क) आत्मज
ख) मातृबिज
ग) पितृबिज
घ) सात्म्य
ङ) रस द्रव्य
च) सत्व

षड्भाव अन्तर्गत गर्भाशय एवं मार्गको शुद्धता, बीज अथवा शुक्र या शोगित, अम्बु अर्थात सामान्य पोषक रसहरू, हृदय वा मानसिक स्थिति सामान्य हुनु तथा वायु सामान्य हुनु आवश्यक छ ।

**आयुर्वेदअनुसार बन्ध्यत्वको कारणहरु निम्न हुनः**

१) **योनिप्रदोष**: महिलाको रचनात्मक घटकमा र आगन्तुक विकारको कारणले हुने योनिप्रदोष निम्न हुनः
- योनिव्यापद
- आतंवबर स्रोत वेद्य
- योनि अर्श
- गर्भकोष भंग
- भग- संकोच
- स्फालित

२) **मानसिक अभिताप (तनाव)**: पति-पत्निको मानसिक अवस्थाले गर्भाधानमा अत्यन्त्यै प्रभावपछि गर्भाधानको लागि हृदयको शुद्धता पनि आवश्यक हुन्छ। मनमा चिन्ता, भय, क्रोध, शोक राखेर गर्भधारण गरियो भने गर्भ कित असाधारण हुन्छ कित गर्भाधान नै हुँदैन ।

३. **शुक्रदोष**: पुरुष शुक्रसँगै शुक्रस्रावको विकार देखियो भने गर्भधानमा बाधा आउँछ। षड्भावमा वर्णन गरिएको पितृज भावद्वारा नै गर्भ रहन्छ त्यसैले यसमा दोष भएको भए पनि गर्भाधान हुँदैन ।

४. **असृगदोष (स्त्रिबिज)**: स्त्रिविज, रजःस्वलाको समय हुने रक्तसाव नै स्त्रिबिज हो र यसमा देखिने विकार अथवा दोषले गर्दा गर्भाधान संभव छैन्।

५. **आहारदोष**: आहारले शीरलाई रुष्टपूष्ट राख्नुको साथै स्वस्थ पनि बनाउन मदत गर्छ। त्यसैले यसको असन्तुलनले विभिन्न रोगव्याधिहरू ल्याउँछ। आहारको विषमताले शरीरको पोषणलाई प्रभावित गरी धातुक्षय गराउँदछ जुन अंगरस बन्नमा सहायक हुन्छ। त्यसैले पोषणरस गर्भाधानको लागि आवश्यकहुन्छ ।

**आहाररस-दोष निम्न तिन प्रकारका छनः**

(क) धातुक्षयद्वारा अङ्गरसहरुलाई प्रभावित पार्नु ।
(ख) दोषलाई प्रकुपित बनाई धेरै रोगव्याधि लगाउनु ।
(ग) गर्भको प्रारम्भिक पोषणलाई प्रभावित गर्नु ।

६. **विहारदोष**: असामान्य बिहार अथवा वेग धारण आदिले दोष प्रकुपित भई अनेक व्याधिहरू विशेषगरी योनिजनक हुनाले गर्भधान बाधक बन्छः

क) दोष प्रकुपित गरेर अनेक व्याधि उत्पन्न गर्नु ।
ख) शुक्रको उचित स्थानमा उत्सर्ग नहुनाले शुक्राणुको प्रवेशमा वाधा हुनु।

७. **अकाल योग**: ऋतुकाल बितिसकेपछि हुने सम्बन्धले गर्भाधान हुँदैन ।

८. **बल संक्षय**: बल हिनताले गर्दा सामान्य गर्भाधान गर्नसक्ने आयुमै गर्भाधान नहुनु।

९. **आत्मदोष**: अज्ञात कारण अथवा पूर्वजन्मको कर्म स्वरूप आउने आत्मा विकारको कारणले गर्भाधान नहुनु ।

१०. **जातहारिणीद्वारा विकृति**: अज्ञात कारणले वा दैवि व्यापतिको कारण अङ्गरसहरूको न्यूनताले हुने बन्ध्यत्व

११. **दैविप्रकोप**: अज्ञात कारणले नहुने गर्भाधान ।

**चरकसंहिताअनुसार बन्ध्यत्व तिन प्रकारको हुन्छनः**

**क**) **बन्ध्याः** जन्मजात गर्भाशय तथा आर्तव नहुनुले उत्पन्न बन्ध्या

**ख**) **अप्रजाः** कारण विशेषले गर्दागर्भधारण गर्न नसक्ने र त्यो कारणलाई चिकित्सा आदिद्वारा ठिक गर्न सक्ने अवस्था

**ग**) **सप्रजाः** जुन स्त्रिलाई एउटा अथवा एक भन्दा बढी सन्तान प्राप्ति पश्चात गर्भाधानगर्न सक्ने आयु भएर पनि गर्भाधान गर्न नसक्ने अवस्था।

**चिकित्सा :**

वन्ध्यत्वको कारण पत्ता लगाई सो व्याधी अनुरूप औषधि, आहार विहार गर्नुपर्छ, किनभनेगर्भाधानको लागि योनि शुद्ध हुनु आवश्यक छ। निदान परिवर्तन, मिथ्या आहारविहार, अकाल योग, मानसिक तनाव आदिको त्याग बलात्र वा धातुदायलाई हटाउन व्रतबंधक वा व्रहण द्रव्यहरूको प्रयोग गर्नुपर्दछ। स्नेहन, स्वेदन, वमन, विरेचन तथा आस्थापन बस्ति एवं अनुवासन बस्ति सबैको क्रमशः उपचार गरेपछि मधुरोपधि सिद्ध क्षिर तथा धृतले पुष्टी गर्नुपर्छ तथा सात्म्यताको पालना गर्नुपर्छ ।

**पंचकर्म**

**बन्ध्यत्व कारण**

१ वमन कर्म
२ विरेचन कर्म
३ नस्यकर्म
४ आस्थापन वस्ति
**छ अनुवासन वस्ति**
**६ उत्तर वस्ति**

पुंसवनकर्मको लागि वर्णन गरिएको सबै औषधिहरू गर्भ प्राप्तिको लागि उपयोगि भएकोले त्यसको पनि प्रयोग गर्न सकिन्छ । केहि औषधिहरू जुन बन्ध्यत्वमा लाभप्रद छन, ति हुन्, अश्वगन्धा चुर्ण, कपिकच्छु, गुडुचि, गोक्षुर, त्रिफला चूर्ण, फलघृत (बाह्य र आन्यातर प्रयोग) दशमूलारिष्ट, अशोकारिष्ट

आयुर्वेदले प्रत्येक व्यक्तिको प्रकृति तथा प्रणालीलाई बाह्य तथा भित्रि तर्फबाट पुष्ट बनाएर शरीरको सबै पक्षलाई सुदृढ बनाउने भएकोले बन्ध्यत्वमा यसको प्रयोग गर्नु राम्रो हुन्छ ।

# 'विकास रोजगारीको ग्यारेन्टी गर्नेलाई मतदान गर्छौं'

सुर्खेत । आसन्न मङ्सिर ४ गते सङ्घ तथा प्रदेशको निर्वाचनमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले घोषणापत्र र प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् । उम्मेदवारका पनि स्थानीय क्षेत्र र सन्दर्भमा पनि बेग्लै नारा र प्रतिवद्धता सार्वजनिक भएका छन् ।

कर्णालीको पछौटेपन, विभिन्न विभेद, गरिबी, बेरोजगारी, अभावलाई मुख्य एजेण्डा बनाएर सिमान्तकृत समुदायको उत्थान गर्ने प्रतिबद्धता पनि उम्मेदवार र दलहरुले गरेका छन् । विगतको अनुभवमा नागरिक दलहरुका ती प्रतिबद्धता देखेर उत्साहित भए । त्यहीँ अनुसार नागरिकले भोट हाले र जिताए पनि । तर निर्वाचनमा गरिएका ती प्रतिवद्धता सबै पुरा हुन नसकेको गुनासो प्रत्येक निर्वाचनको मतदाताले सुनाउने गरेका छन् ।

सङ्घीय मात्र होइन प्रदेश र स्थानीय सरकारको गठनले नागरिकमा उत्साह बढायो । सिंहदरबार गाउँघरमा पुगेको विषयले पनि चर्चा पायो नै । विशेष गरी भौगोलिक रुपमा पछाडि परेको कर्णाली प्रदेशको अवस्थामा अझै धेरै विकास र पूर्वाधारका काम मात्र हैन आर्थिक रुपमा सबल क्षेत्रको रुपमा अघि बढाउनुपर्ने माग पनि यस क्षेत्रका जनताको छ । जातीय आधारमा गरिने विभेद, गरिबी, बेरोजगारी र अभाव उस्तै छ । कर्णालीका सिमान्तकृत समुदाय, महिला, दलित, जनजाति, पिछडिएको र गरिबीको रेखामुनी रहेको समुदायको अवस्था चाहेजति माथि उठ्न सकेको छैन ।

कर्णालीलाई डिजिटल बनाउने, भोकमरी अन्त्य गर्ने, सबै नागरिकका घर-घरमा सडक र खानेपानी, रोजगारीको ग्यारेण्टी, कृषिमा आत्मनिर्भर, छरिएर रहेको बस्तीलाई एकीकृत गर्नेलगायत थुप्रै योजना आफ्ना घोषणापत्रमा ल्याएका दलहरु फेरि उहीँ पुरानै कार्यक्रम लिएर मतदाताको घरघरमा पुगेका छन । तर मतदाताले भने प्रतिवद्धता कार्यान्वयन गर्ने उम्मेदवारलाई मात्रै यो पटकको निर्वाचनमा मतदान गर्ने बताएका छन ।

सुर्खेत वीरेन्द्रनगर घुर्साका युवराज थापाले राजनीतिक दलले विगतमा पनि विभिन्न आवश्वासन दिएर गएको तर खासै केही नभएको गुनासो गर्नुभयो । "यो पटक पूर्वाधार, आर्थिक, सामाजिक रुपान्तरण र परिवर्तनको पक्षमा पक्षमा देखिने गरी विकासका काम गर्नेलाई भोट दिने इच्छा छ", उहाँले भन्नुभयो । अहिले राजनीतिक दल र उम्मेदवार घरघरमा गएर भोट माग्दा दिने आश्वासन मैले धेरै सुनेको छु । उहाँले भन्नुभयो, "विगतमा पनि यस्तै आश्वासन दिएर जानुभयो, जितायौ, तर काम खासै भएन तर यो पटक जसले जनता र यस क्षेत्रको विकासमा देखिने गरी काम गर्छ त्यसैलाई भोट दिन्छौं ।" पछाडि पारिएका वर्ग समुदायलाई अगाडि ल्याउने गरी काम गर्ने व्यक्तिले निर्वाचन जित्नुपर्ने उहाँको भनाइ छ ।

त्यही ठाउँका पुष्पराज कोइरालाले पनि अहिलेसम्म निर्वाचित जनप्रतिनिधिले रोजगारीको लागि कुनै काम गर्न नसकेको बताउनुभयो । कोइराला भन्नुहुन्छ, "हामीले निर्वाचित गरेर पठायौँ खै अहिलेसम्म रोजगारी सिर्जना हुन सकेन । स्वदेशमा काम नपाएर विदेशिनुपरेको छ, अबको निर्वाचनमा भने जुन उमेद्वारले रोजगारी सिर्जना गरेर स्वदेशमै काम गर्ने वातावरण मिलाउछ त्यसैलाई जिताउछौं ।"

विशेष गरी महिला, सिमान्तकृत समुदायलाई अगाडि ल्याउन योगदान गर्ने नेताको खाचो रहेको मतदाताहरु बताउछ्न । वीरेन्द्रनगर १२ नीवासी मीना आचार्य भन्नुहुन्छ, "कर्णाली प्रदेश भौगोलिक रुपले कति पछाडि छ । सँगै यहाँका नागरिकको अवस्था कति दयनीय छ । बालबालिकाका पोषणका, महिला विभिन्न हिंसामा पर्ने, विकासका पूर्वाधारको अभाव र समस्या समाधान कसरी गर्ने, समाजको लागि केही गर्छु भन्ने 'भिजन' भएको नेता आवश्यक छ ।"

उम्मेदवारले सिमान्तकृत समुदाय, वर्गको उत्थानका लागि नै आफूहरुको उम्मेदवारी भएको बताउँछन् । कर्णाली प्रदेशसभातर्फ सुर्खेत क्षेत्र नम्बर २ (१) मा नेकपा माओवादी केन्द्रबाट उम्मेदवार बन्नुभएका विन्दमान विष्ट भन्नुहुन्छ, "विगतमा म कर्णाली प्रदेश सरकारको मन्त्री भएको थिए ।


त्यति बेला मैले शिक्षा, स्वास्थ्य आवासलगायत पछाडि पारिएका व्यक्तिलाई अगाडि ल्याउनुपर्छ भनेर कार्यक्रमको सुरुवात पनि गरेको छु । अब ती कार्यक्रमलाई निरन्तरता दिन मेरो मुख्य एजेण्डा छ । पछाडि पारिएका समुदायलाई अगाडि नल्याएसम्म विकास हुन सक्दैन ।" निर्वाचित भएमा जनचाहना अनुसारका काम गर्न आफू लाग्ने उहाँको प्रतिबद्धता छ ।

प्रतिनिधिसभा सदस्यको लागि नेकपा एमालेबाट सुर्खेत क्षेत्र नम्बर २ का उम्मेदवार अमृत विसीले पनि सिमान्तकृत समुदाय, महिला र दलितको लागि स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने भन्दै आफ्नो प्राथमिकता त्यसैमा रहने बताउनुभयो । उहाँले भन्नुभयो, "मेरो पहिलो प्राथमिकता पछाडि पारिएका वर्ग समुदायको उत्थान हो ।" नेपाली कांग्रेसबाट सुर्खेत क्षेत्र नम्बर २ बाट नै प्रतिनिधिसभाको लागि उम्मेदवार बन्नुभएका हृदयराम थानीले पनि विगतमा आफू यो क्षेत्रबाट निर्वाचित भएर गएपछि प्रदेश अस्पताल, विभिन्न सडक निर्माणसँगै पछाडि पारिएका व्यक्तिका लागि काम गरिसकेको अनुभव रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मैले वीरेन्द्रनगरलाई व्यवस्थित, यहाँको स्वास्थ्य क्षेत्रको सुधारसँगै सडक सञ्जालमा नजोडिएका क्षेत्रका नागरिकलाई सडक सञ्जालसँग जोड्ने काम गरेको छु । त्यती मात्र होइन सिमान्तकृत र पछाडि पारिएका व्यक्तिलाई अगाडि बढाउन विभिन्न स्वरोजगारमूलक कार्यक्रम पनि घरदैलोमा पुर्‍याएको जनताले विर्सनुभएको छैन ।

म काम गर्ने मान्छे हो अब पनि म जनताका हरेक समस्याको समाधान गर्दै विकासको लहर ल्याउन केन्द्रित हुन्छु ।" एजेण्डा लिएर भोट बटुल्नु मात्रै ठूलो कुरा होइन, ती जनताको अभिमतलाई कदर गर्दै उनीहरुको चाहना अनुसारको काम गर्न सके समाज परिवर्तन हुने राजनीतिक विश्लेषक बताउँछन् । रासस

जिम्मेवारी एकातिर आश्वासन अर्कातिर

# साना दलका आआफ्नै चुनावी एजेण्डा



काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवारले यसपटक पनि मतदाता समक्ष मत माग्ने क्रममा कानुन बनाउने मूल जिम्मेवारीभन्दा विकास निर्माणकै एजेण्डा प्रस्तुत गरेको पाइएको छ ।

प्रतिनिधिसभा होस् वा प्रदेशसभा सदस्यमा चुनिने जनप्रतिनिधिको मुख्य कार्यभार कानून बनाउने रहेता पनि मतदाता समक्ष राजनीतिक दल र उम्मेदवारले विगतकै शैलीमा पूर्वाधार विकास, स्वास्थ्य र शिक्षाका एजेण्डा देखाएर भोट मागिरहेका छन् । संविधानसभा सदस्य रामनारायण विडारीले प्रधानमन्त्री, मुख्यमन्त्री, पालिका प्रमुखमा चुनाव लड्नेले यस्तो विकास निर्माण गर्छु भन्ने बाहेक अरु बाँकी जति सबैले विकास निर्माण गर्छु भनेर कुरा गर्नु भनेको मतदातालाई शुरुमै अलमल्याउने भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मतदान गर्दा उम्मेदवारहरुले उठाउने विषयमा मतदाता सचेत हुनुपर्छ, विधायकको निर्वाचन भएकाले कृषि, उद्योग, श्रम, वातावरण र वनलगायतका विषयमा कानुन कस्तो बनाउने भनेर जनता समक्ष प्रतिबद्धता व्यक्त गर्नुपर्ने थियो ।" राजनीतिक दल र उम्मेदवारले संविधानका केही प्रावधानबारेमा उठेका प्रश्नलाई सम्बोधन गर्न ती प्रावधान सशोधन गर्न पहल र प्रयास गर्छु भन्नुपर्नेमा सोझा जनतालाई विकास निर्माण गर्ने आश्वासनका पुलिन्दा बाड्नुलाई विज्ञहरुले सही कर्म नभएको भनी आलोचना गर्नुभएको छ ।

राजनीतिक दलले आफ्नो पक्षमा मतदातालाई आकर्षण गराउन राजनीतिक स्थायित्व, सुशासन, समृद्धि र शान्ति सुव्यवस्थाका मुद्दालाई पनि दोहर्‍याइरहेको पाइएको छ । मुलुकमा भएको अघिल्लो चुनावमा प्राप्त मतका आधारमा ठूला मानिएका राजनीतिक दल मात्र नभएर भरखर पहिलो पटक निर्वाचनमा भाग लिएका नवप्रवेशी दलबाट पनि यस्ता आश्वासन दिएको देखिएको छ । चुनाव चिह्न 'चुरा भएको हातको नमस्कार' र भानुराम डगौरा थारु अध्यक्ष रहेको नेपाल लोकतान्त्रिक पार्टीले यस निर्वाचनमा सङ्घ र प्रदेशमा ३५ उम्मेदवार उठाएको छ । पहिचानसहितको सङ्घियता, १० प्रदेश, जिल्लागत संरचनाको खारेजी, पूर्ण समानुपातिक निर्वाचन प्राणाली, निःशुल्क स्वास्थ्य र शिक्षाको सुनिश्चिताको एजेण्डा प्रस्तुत गरेर मतदाता समक्ष सो पार्टी गएको छ । उक्त दलले मुलुकको महत्वपूर्ण सम्पत्ति हिमाल अरोहणका लागि खुला नगरी दृश्य अवलोकन मात्र गर्नुपर्छ भन्ने मान्यता राखेको छ ।

चुनाव चिह्न गैंती र पार्टी अध्यक्ष मानध्वज गुरुङ रहेको नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल) ले क्रान्तिकारी भूमिसुधार, आम विद्युतीकरण र राष्ट्रिय औद्योगिकरणकमार्फत नयाँ जनवादी व्यवस्थाको मुद्दा लिएर यसपटक नौ उम्मेदवार मत माग्न जनताको घरदैलोमा पठाएको छ । पूर्ण समानुपातिक निर्वाचन, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र मुलुकमा व्याप्त भ्रष्टाचार रोक्ने एजेण्डासहित जनतासँग भोट मागिरहेको छ ।

चुनाव चिह्न त्रिशुल र अध्यक्ष देवप्रकाश त्रिपाठी रहनुभएको एकीकृत शक्ति नेपालले प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ १३ र समानुपातिकतर्फ ३४ सिटमा उम्मेदवारी उठाएर राष्ट्रिय एकता बलियो तुल्याउन तथा आर्थिक बोझ घटाउन दुई तहको सरकारको पक्षमा मतदान गर्न मतदातालाई आह्वान गरेको छ । जातीयवाद अवधारणाको अन्त्य, नेपालको विशिष्ट पहिचानका रुपमा रहेको तराई-पहाड जोड्न वैदिक सनातन हिन्दू राष्ट्रको पक्षमा वकालत गर्दै आएको उक्त पार्टीले अभिभावकीय राज्यप्रणाली एवं हरेक नागरिकले आफनो संरक्षकत्वको अनुभूति गरेको महसुस गर्ने स्थायी संस्था आवश्यक रहेको जनाउँदै आएको छ ।

नेपाल दलित पार्टीले सबै खाले विभेद अन्त्य गर्न तथा नेपाल र नेपालीको स्वाभिमानलाई कायम राख्न मतदाता समक्ष आह्वान गर्दै प्रतिनिधिसभा सदस्यतर्फ ४७ सिटमा उम्मेदवारी दिएको छ । मेघबहादुर कामी अध्यक्ष रहेको उक्त पार्टीको चुनाव चिह्न गितार रहेको छ । अध्यक्ष सुशिलमान शेरचन र चुनाव चिह्न करुवा रहेको नेपाली कांग्रेस बिपीले संवैधानिक राजतन्त्र, राष्ट्रियता, प्रजातन्त्र, समाजवाद कायम गर्न तथा अहिलेको मिश्रित निर्वाचन प्रणाली खारेजी र चुनावी स्वतन्त्र सरकार गठन हुनुपर्छ भन्ने मुद्दा लिएर निर्वाचनमा होमिएको छ । उक्त पार्टीले मुलुकका ३५ जिल्लाका दुवै निर्वाचन र दुवै तहमा गरी दुई सय ६८ जना उम्मेदवार बनाएको छ । डा इन्द्रबहादुर थापा मगर अध्यक्ष तथा चुनाव चिह्न लाटोकोशेरो रहेको नेशनलिष्ट पिपल्स पार्टीले ३७ जिल्लामा एक सय सात उम्मेदवार खडा गरेको छ । नवपरिवर्तनीय प्रत्यक्ष जनतान्त्रिक शासन व्यवस्थाको वकालत गर्दै आएको उक्त पार्टी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, आलङ्कारिक राष्ट्रपति तथा दुरगामी असर पर्ने खालका प्रत्येक निर्णय जनमत सङ्ग्रहद्वारा टुङ्ग्याउनुपर्छ भन्ने मान्यतामा अडिग रहेको छ ।

चुनाव चिह्न गाग्रो तथा अध्यक्ष रुक्मिणि चौधरी रहेको सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च(थरुहट)ले विभेदपूर्ण संविधानका धारा र कानुन संशोधन, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित राष्ट्रपति, जातीय जनसङ्ख्याको आधारमा अधिकारको बाँडफाँडका मुद्दा लिएर निर्वाचनमा होमिएको छ । नेपाल सुशासन पार्टीले वर्तमान संविधान र निर्वाचन प्रणालीमा सुधार गर्दै राष्ट्र र जनहितका लागि इमान्दार भएर काम गर्ने प्रतिबद्धता जाहेर गरेको छ । अध्यक्ष रमेश खरेल रहेको उक्त पार्टीले प्रतिनिधिसभामा ५५ र प्रदेशसभा सदस्यमा १३ उम्मेदवार खडा गरेको छ ।

**पिछडा वर्गदेखि मसिहा पार्टीसम्मको चुनावी तयारी**

आगामी निर्वाचनमा तराई-मधेस लोकतान्त्रिक पार्टी नेपाल, नेपाल जनता पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, पिछडा वर्ग निषद दलित जनजाति पार्टी, राष्ट्रिय सद्भावना पार्टी, नेपाल कम्युनिष्ट पार्टी परिवर्तन, सामाजिक लोकतान्त्रिक पार्टी, नेपाल सुकुम्वासी पार्टी (लोकतान्त्रिक), नेपाल कम्युनिष्ट पार्टी, बहुजनशक्ति पार्टी, जनता समाजवादी पार्टी नेपाल र इतिहासिक प्रजातन्त्र जनता पार्टी नेपालले पनि चुनावी घोषणापत्रका साथ मतदातासँग आफ्नो पक्षमा भोट मागिरहेका छन् ।

नेपाली जनता दलले पूर्ण समानुपातिक निर्वाचन प्रणाली, सामाजिक न्याय, सबैमा समान हकअधिकार कायम हुनुपर्छ भन्ने मुद्दा लिएर जनताको घरदैलोमा पुगेको छ । हरिचरण साह पार्टी अध्यक्ष रहेको उक्त दलले आफ्नो पार्टी विजयी भएमा रोजगारीका लागि लाखौँको सङ्ख्यामा विदेशीएका युवालाई स्वदेशमै रोजगारी दिलाउन प्रयत्न गर्ने जनाएको छ । उक्त दलले समानुपातिकतर्फ सात र प्रत्यक्षतर्फ सात उम्मेदवार उठाएको छ ।

देशभक्त लोकतान्त्रिक पार्टी नेपाल, राष्ट्रिय समाजवादी पार्टी नेपाल, विवेकशील साझा पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी (लोहियावादी), जनजागरण पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल कम्युनिष्ट पार्टी राष्ट्रवादी, समाजवादी केन्द्र नेपाल, आधुनिक नेपाल समाजवादी पार्टी, सामाजिक एकता पार्टी, नेपाल कम्युनिष्ट पार्टी(समाजवादी) र त्रिशुल पार्टीले पनि जनतालाई आफ्नो पक्षमा मत दिलाउन घरदैलो कार्यक्रम गरिरहेका छन् ।

आगामी निर्वाचनको तयारीका सिलसिलामा राष्ट्रवादी एकता पार्टी, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, आमूल परिवर्तन मसिहा पार्टी नेपाल, नेपाल आमा पार्टी, नेपाल नौलो जनवादी पार्टी, सचेत नेपाली पार्टी, नेपाल सुशासन पार्टी र बहुजन समाजवादी पार्टी नेपालका उम्मेदवार पनि मतदातालाई आफ्नो चुनावी एजेण्डा बुझाउने अन्तिम तयारीमा जुटिरहेको पाइएको छ ।रासस

# प्रधानमन्त्री देउवाद्वारा सापकोटाको निधनमा दुःख प्रकट



चितवन । प्रधानमन्त्री शेरबहादुर देउवाले गैँडाकोटका सामाजिक तथा राजनीतिक व्यक्तित्व स्व तिलकप्रसाद सापकोटाको निधनमा शोक व्यक्त गर्नुभएको छ । यही कात्तिक २३ गते निधन हुनुभएका उहाँको परिवारजनमा समवेदना प्रकट गर्न प्रधानमन्त्री देउवा गैँडाकोटस्थित सापकोटा निवास पुग्नुभएको हो ।

नेपाली कांग्रेसको राजनीतिमा स्व. सापकोटाले पुर्‍याउनुभएको योगदानप्रति आभार प्रकट गर्दै उहाँको निधनले समग्र पार्टीमा ठूलो क्षति पुगेको प्रधानमन्त्री देउवाले बताउनुभयो ।

सापकोटाद्वारा प्रकाशित पुस्तकमा नवलपरासीको गैँडाकोटलाई आत्मनिर्भर, उद्यमशील र प्राकृतिक स्रोत साधनका हिसाबमा हराभरा बनाउनमा सापकोटाको योगदान जति उल्लेखनीय छ, त्यत्तिकै युवा सशक्तीकरण, जनचेतना र शैक्षिक प्रवर्दनका दृष्टिमा पनि अतुलनीय उहाँले सो पुस्तकमा लेख्नुभएको लेखमा चर्चा गर्नुभएको छ ।

सो अवसरमा कांग्रेसका नेता प्रा डा शशांक कोइराला, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली, गण्डकी प्रदेशका पर्यटनमन्त्री मणिभद्र कँडेल, नेपाली कांग्रेस नवलपरासीका सभापति महेन्द्रध्वज जिसीलगायतको उपस्थिति थियो । गैँडाकोट नगरपालिका-८ का स्थायी बासिन्दा सापकोटा राजनीति र सामाजिक क्षेत्रमा नवलपरासी जिल्लाको अग्रणी व्यक्तित्व हुनुहुन्थ्यो । विसं २००१ माघ १७ गते बाग्लुङको दमेकमा जन्मिनुभएका उहाँ नवलपरासीमा नेपाली कांग्रेसका अग्रज नेताका रूपमा चिनिनुहुन्थ्यो । सापकोटा दम रोगबाट ग्रसित हुनुहुन्थ्यो ।रासस

# निर्वाचनपछि भृकुटी कागज कारखाना र श्रमिक समस्या समाधान हुन्छ : नेता डा कोइराला

नवलपरासी । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नवलपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा शशाङ्क कोइरालाले निर्वाचनपछि भृकुटी कागज कारखाना र श्रमिकको समस्या समाधान हुने बताउनुभएको छ ।

गैँडाकोटमा आयोजित चुनावीसभालाई सम्बोधन गर्नुहुँदै उहाँले नेपालकै ठूलो कारखाना भृकुटी कागज कारखाना बन्द अवस्थामा रहेकाले यसको समस्या छिट्टैसमाधन हुने बताउनुभयो। "जीर्ण कारखाना र कार्यरत कर्मचारीका विषयमा गम्भीरतापूर्वक समस्या समाधानको लागि परेको छु। चुनाव लगत्तै समस्या समाधान हुनेछ", नेता कोइरालाले भन्नुभयो । केही वर्षअघि मात्रै रुग्ण उद्योगबारे सरकारलाई सुझाव दिन गठित समितिले निजीकरण भएको ३१ वर्षपछि भृकुटी कागज कारखानाको जग्गा सरकारको नाममा फिर्ता ल्याउन सुझाव दिएको र सरकार जग्गा फिर्ता गराउन लागि परेको उहाँले स्पष्ट पार्नुभयो।

"उद्योग भएको स्थानमा स्थानीयसँग छलफल गरी खाली जग्गा उपभोगमा ल्याइने छ", उहाँले भन्नुभयो, "रुग्ण उद्योगाका बारेमा गम्भीतापूर्वक लागि परिने छ।" राजनैतिक स्थिरताका लागि बहुमत आवश्यक भएको र आफूहरूले बहुमत पाए स्थिरतासहित विकास दिने उहाँको बताउनुभयो। आफू चौथो पटक नवलपुरका जनताको प्रतिनिधित्व गर्न अगाडि बढेको उल्लेख गर्दै नेता कोइरालाले यसअघिका कार्यकाल संविधान निर्माण र कार्यान्वयनका काममा खर्चिएको बताउनुभयो।



**निर्वाचनपछि भृकुटी कागज कारखाना र श्रमिक समस्या समाधान हुन्छ : नेता डा कोइराला**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नवलपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा शशाङ्क कोइरालाले निर्वाचनपछि भृकुटी कागज कारखाना र श्रमिकको समस्या समाधान हुने बताउनुभएको छ ।

गैँडाकोटमा शनिवार आयोजित चुनावीसभालाई सम्बोधन गर्नुहुँदै उहाँले नेपालकै ठूलो कारखाना भृकुटी कागज कारखाना बन्द अवस्थामा रहेकाले यसको समस्या छिट्टै समाधन हुने बताउनुभयो । "जीर्ण कारखाना र कार्यरत कर्मचारीका विषयमा गम्भीरतापूर्वक समस्या समाधानको लागि परेको छु। चुनाव लगत्तै समस्या समाधान हुनेछ", नेता कोइरालाले भन्नुभयो । केही वर्षअघि मात्रै रुग्ण उद्योगबारे सरकारलाई सुझाव दिन गठित समितिले निजीकरण भएको ३१ वर्षपछि भृकुटी कागज कारखानाको जग्गा सरकारको नाममा फिर्ता ल्याउन सुझाव दिएको र सरकार जग्गा फिर्ता गराउन लागि परेको उहाँले स्पष्ट पार्नुभयो।

"उद्योग भएको स्थानमा स्थानीयसँग छलफल गरी खाली जग्गा उपभोगमा ल्याइने छ", उहाँले भन्नुभयो, "रुग्ण उद्योगाका बारेमा गम्भीतापूर्वक लागि परिने छ।" राजनैतिक स्थिरताका लागि बहुमत आवश्यक भएको र आफूहरूले बहुमत पाए स्थिरतासहित विकास दिने उहाँले बताउनुभयो । आफू चौथो पटक नवलपुरका जनताको प्रतिनिधित्व गर्न अगाडि बढेको उल्लेख गर्दै नेता कोइरालाले यसअघिका कार्यकाल संविधान निर्माण र कार्यान्वयनका काममा खर्चिएको बताउनुभयो ।रासस

## खाद्यान्न धान लिलाम विक्री वारे सुचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०७/२७**

उपरोक्त सम्बन्धमा यस कार्यालयमा मौज्दात रहेको खाद्यन्न धान परिमाण २६.२८५ मे.टन (स्वर्णा सव १- १९.१४५ मे.टन, सावा सव १- ७.१४० मे.टन) जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएकोले निम्न शर्तनामाको अधिनमा रहि रितपुर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरू** :-

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले १२ औ दिनको १२:०० बजे सम्म रु.२०००।- (फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम यस कार्यालयबाट कुनै पनि इच्छुक व्यक्ति, फर्म वा संघ -संस्थाले खरिद गर्न सक्ने ।

२. खरिद गरेको बोलपत्रमा आफुले लिन कबोल गरेको दररेट राखी सिलबन्दी गरी प्रथम पटक प्रकाशित मितिले १२ औ दिनको २:०० बजे भित्र आवश्यक कागजात (व्यक्तिको हकमा नागरिकताको पमाणपत्रको प्रतिलिपी, फर्म वा संघ-संस्थाको हकमा फर्म वा संघ-संस्था दर्ता पमाण पत्रको प्रतिलिपी, करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी) सहित यस कार्यालयमा पेश गर्नु पर्ने छ । नियमानुसार पर्न आएका बोलपत्रहरुलाई मिति २०७९।८।८ गते सोही दिन दिनको ३:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र दाताले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको सिर्द्धाथ बैक लि.जनकपुर शाखा स्थित खाता नं.०२०१६४१८२१२ मा नगदै जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ।

४. बोलपत्र दाताले रितपुर्वक सहिछाप एवम् सिलबन्दी गरी यस कार्यालयमा बोलपत्र दर्ता गराउनु पर्ने छ।

५. बोलपत्र दाताले आफुले खरिद गर्न चाहेको खाद्यन्न धानको दररेट बोलपत्र फारममा अंक र अक्षर समेतमा प्रष्टसंग उल्लेख गर्नु पर्ने छ। केरमेट भएमा अक्षरमा उल्लेखित दररेटलाई मान्यता लिईने छ।

६. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात (७) दिन भित्रमा आफुले कबोल गरेको दररेटबाट हुन आउने रकम कार्यालयमा जम्मा गरी विल कटाई जे-जस्तो अवस्थमा छ, सोही अवस्थामा सम्पुर्ण समान आफ्नै बोरामा कस्ति गरी उठाई लैजानु पर्ने छ। निर्धारीत समय भित्र समान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी कम्पनीको नियमानुसार कारवाही अगाडि बढाईने छ।

७. बोलपत्र स्वीकृत भएपछी कम्पनीको गोदामबाट समान उठाई लैजान लाग्ने सम्पुर्ण खर्च स्वयम् बोलपत्र दाताले व्यहोर्नु पर्ने छ। सामान कस्ती गरेर राखेको बोरा कम्पानीले उपलब्ध गराउने छैन ।

८. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. प्राप्त भएको बोलपत्र पुर्ण वा आंशिक स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. यस सम्बन्धि केही थप जानकारी चाहिएमा वा लिलाम विक्री हुने समानको नमुना हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

११. अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ।

**कृषि सामग्री कम्पनी लिमिटेड**
**KRISHI SAMAGRI COMPANY LIMITED**
(नेपाल सरकारको पुर्ण स्वामित्व भएको )
**शाखा कार्यालय, जनकपुरधाम**
**सम्पर्क नं.०४१-४२०४०७**



फ्लोरिडामा निकोल आँधीका कारण ध्वस्त समुद्र तटीय घरहरूको एक हवाई दृश्य । दुर्लभ ढिलो आँधीले फ्लोरिडालाई तुफान इयानले पिटेको केही हप्ता पछि अनिवार्य निकासी आदेशहरू जगायो । तर निकोलले श्रेणी ज्ञ आँधीको रूपमा ल्यान्डफल गरेको एक घण्टा पछि यूएस नेसनल हरिकेन सेन्टरले यसलाई ट्रपिकल स्टर्ममा डाउनग्रेड गरेको थियो। *तस्विर : एएफपी*

# दक्षिणपूर्वी एशियाली देशसँग सम्बन्ध विस्तारमा अमेरिका

**एपी**

नोमपेन । दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)को शिखर सम्मेलनमा सहभागी हुन अमेरिकी राष्ट्रपति जो वाइडेन अमेरिकाबाट कम्बोडियातर्फ प्रस्थान गर्नुभएको छ । आसियान क्षेत्रमा चिनियाँ प्रभाव विस्तार भइरहेको सन्दर्भमा अमेरिकी राष्ट्रपतिले त्यसलाई सन्तुलनमा राख्न सदस्य देशसँग अमेरिकी प्रतिबद्धता जाहेर गर्नुहुनेछ ।



अमेरिकी राष्ट्रपतिको शिखर सम्मेलनमा भाग लिनुको प्रमुख उद्देश्य आर्थिक एवम् सैन्य सामर्थ्यका दृष्टिले शक्तिशाली प्रतिद्वन्द्वी चीनका राष्ट्रपति सी चिनफिङसँगको प्रत्यक्ष भेटवार्ताका निम्ति वातावरण बनाउनु हो । राष्ट्रपतिमा निर्वाचित भएपछि उहाँले आफ्ना चिनियाँ समकक्षीलाई प्रत्यक्षरूपमा भेट्नुभएको छैन ।

यही कात्तिक २९ र ३० गते इण्डोनेशियाको बालीमा हुने विश्वका प्रमुख विकसित र उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टी शिखर सम्मेलनका क्रममा उहाँले यही कात्तिक २८ गते चीनका राष्ट्रपति सी चिनफिङलाई भेट्नुहुनेछ ।

शनिबार यहाँ आएका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले समुद्रमा चीनका अवैध एवम् अनियमित गतिविधि तथा समुद्रमा जहाज सञ्चालन गर्न पाउने स्वतन्त्रतालगायत विषयमा आसियान नेतासँग राष्ट्रपति वाइडेनले छलफल गर्ने बताएका छन् ।

दक्षिण चीन सागरको विवादलाई लिएर उहाँले आसियान नेतासँग बेइजिङविरुद्ध अमेरिकी दृढता व्यक्त गर्ने सल्लाहकार सुलिभानले बताए ।

अन्तर्राष्ट्रिय कानुनअनुसार समुद्रमा र त्यसमाथिको आकाशमा जहाज सञ्चालन गर्न पाइन्छ तर चीनले त्यसलाई अस्वीकार गर्दै आएको छ । त्यसबाट अस्थिरता हुने चीनको बुझाइ छ र यसै विषयमा चीन र अमेरिकाबीच विवाद छ । आसियान र अन्य देशका लागि प्रतिकूल हुने काम गर्न नहुने र यस क्षेत्रको स्थायित्वका निम्ति अमेरिकी भूमिका मुख्य हुने सल्लाहकार सुलिभानले बताएका छन् ।

## क्यामरुनले २०२१ मा भ्रष्टाचारमा ६७ मिलियन डलर गुमायो

**सिन्ह्वा**

याउण्डे । क्यामरुनले गत वर्ष भ्रष्टाचारबाट करिब ४४ अर्ब रकम (लगभग ६७ मिलियन अमेरिकी डलर) गुमाएको क्यामरुन भ्रष्टाचार विरोधी आयोगले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ।

यो रकम सन् २०२० को तुलनामा २६ अर्ब क्यामरुनको सकम भन्दा बढी भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । स्वास्थ्य, शिक्षा, वित्त, सडक यातायात र प्रादेशिक प्रशासन क्षेत्रहरू सबैभन्दा बढी भ्रष्ट भएकाले प्रहरी र स्थानीय सरकारी अधिकारीहरू सबैभन्दा खराब भ्रष्टाचारी देखिएका छन् ।

"भ्रष्टाचारका विरुद्ध लड्नका लागि अहिलेसम्म विभिन्न प्रयासहरू भएका छन् तर हामीले हाम्रो रणनीतिलाई अगाडि बढाउन आवश्यक छ। यो सत्य हो कि भ्रष्टाचार विरुद्ध लड्न र सार्वजनिक कोषको व्यवस्थापन जाँच गर्ने सन्दर्भमा जनताले आफ्नो जिम्मेवारीप्रति सचेत भइरहेका छन् तर अधिकारीहरूले पनि त्यसका निम्ति काम गर्न आवश्यक छ" आयोगका अध्यक्ष डाएउडोन मासी गाम्सले बताएका छन् ।

## राष्ट्रिय क्रिकेट टिमको कप्तानमा रोहित पौडेल नियुक्त



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय क्रिकेट टिमको कप्तानमा रोहितकुमार पौडेल नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले शुक्रबार पौडेललाई राष्ट्रिय क्रिकेट टिमको कप्तान नियुक्त गरेको हो । राष्ट्रिय टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेमाथि बलात्कार आरोपमा मुद्दा चलिरहेका बेला क्यानले रोहितलाई कप्तानको जिम्मेवारी दिएको हो ।

रोहितले नेपालका लागि २५ अन्तर्राष्ट्रिय एकदिवसीय खेल खेल्दै ८०८ रन बनाएका छन् । जसमा एक शतक र पाँच अर्धशतक समेत समावेश छ । त्यस्तै उनले एक दिवसीय टी-२० तर्फ २१ खेल खेल्दै ३७६ रन बनाएका छन् । लिस्ट 'ए' मा भने उनले ४० खेल खेल्दै एक हजार ४८ रन बनाएका छन् ।

नवलपरासीका २० वर्षीय रोहितले राष्ट्रिय टीममा प्रवेशको छोटो समयमै कप्तान बन्ने अवसर पाएका हुन् ।

## चीनद्वारा अन्तरिक्ष स्टेशन आपूर्तिका लागि कार्गो क्राफ्ट टियानझाउ-५ प्रक्षेपण

**सिन्ह्वा**

वेनचाङ । चीनले अन्तरिक्ष स्टेशनको लागि आपूर्तिहरू पुर्‍याउन शनिबार बिहान कार्गो अन्तरिक्ष यान तियानझाउ-५ प्रक्षेपण गरेको छ । अन्तरिक्ष स्टेशनको निर्माण यसै वर्ष पूरा हुने अपेक्षा गरिएको छ।

चीनको मानव अन्तरिक्ष एजेन्सीका अनुसार दक्षिणी टापु प्रान्त हेनानको वेन्चाङ अन्तरिक्षयान प्रक्षेपण स्थलबाट तियान्झाउ-५ बोकेको लङ मार्च-७ वाई ६ रकेट विस्फोट भएको छ।

## मध्य सोमाली क्षेत्रमा १२ विद्रोही मारिए

**सिन्ह्वा**

मोगादिसु । सोमाली राष्ट्रिय सेनाले शुक्रबार मध्य सोमालियाको हिरान क्षेत्रमा गरेको प्रतिआक्रमणमा अल-शबाबका १२ जना लडाकूहरूलाई मारेको एक अधिकारीले बताएका छन् ।

रक्षा मन्त्रालयका प्रवक्ता अब्दुल्लाही अली अनोदका अनुसार सेनाले बुरदार क्षेत्रमा रहेको सैन्य शिविरमा आतङ्ककारीहरूले आक्रमण गर्ने बारे पूर्व सूचना प्राप्त गरेको र त्यसलाई विफल बनाउँन प्रतिआक्रमण गरेको थियो।

बुर्दार क्षेत्रमा आक्रमणको क्रममा घाइते भएका तीन जना सैनिकहरूलाई अस्पतालमा भर्ना गरिएको अलीले सोमाली नेशनल न्युज एजेन्सीलाई बताएका छन् । हाल त्यस क्षेत्रमा आक्रमणकारीहरूको खोजी गर्नका लागि सेनाले ठूलो अभियान चलाइरहेको छ।

## राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक : जेक सुलिभान

**एएनआई**

वाशिङ्गटन । अमेरिकी राष्ट्रपति जो बाइडेन यस वर्षको जी-२० शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्न उत्सुक रहेको अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले शुक्रबार उल्लेख गरेका छन् । भारतले आगामी डिसेम्बरको १ देखि जी-२० को अध्यक्षता गर्दैछ।



पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा सुलिभानलाई प्रधानमन्त्री मोदी ह्वाइट हाउसको भ्रमण गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा उनले भने, "भारत अर्को वर्ष जी-२० को अध्यक्ष हो र राष्ट्रपति बाइडेन जी-२० मा सहभागी हुन चाहनुहुन्छ र सम्भवत भेट त्यतै हुनेछ। राष्ट्रपति बाइडेनको पदभार ग्रहण लगत्तै प्रधानमन्त्री मोदी ह्वाइट हाउस पुग्नु भएको थियो।

"दुई नेताले पटक-पटक फोन वार्ता र भिडियो वार्ता गरिरहनु भएको छ । अमेरिका-भारत साझेदारीलाई बलियो बनाउने लगयातका दुईपक्षीय चासोका मुद्दाहरूमा दुई नेता बीच छलफल भइरहेका छन् र राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक हुनहुन्छ," सुलिवानले भन्नुभयो।

यसअघि शुक्रबार राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रसंघको २७औँ जलवायु परिवर्तन सम्मेलन (कोप २७) को छेउमा इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग पनि भेटवार्ता गर्नु भएको थियो । इतिहासमा सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने देश भएकोमा अमेरिकाले व्यापक आलोचनाको सामना गरिरहेको बेला राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रको जलवायु वार्तालाई सम्बोधन गर्नु भएको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ ।

जी-२० अन्तरराष्ट्रिय आर्थिक सहयोगको लागि प्रमुख मञ्च हो जसले विश्वव्यापी जिडिपिको को लगभग ८५ प्रतिशत, विश्वव्यापी व्यापारको ७५ प्रतिशत भन्दा बढी र विश्व जनसङ्ख्याको लगभग दुई तिहाईको प्रतिनिधित्व गर्दछ ।

# राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई सम्मान



पोखरा । पोखरा महानगरपालिकाले नवौँ राष्ट्रिय खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान गरेको छ । राष्ट्रिय खेलकुदमा सहभागी भएर पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी एक सय ९२ जनालाई सम्मान गरिएको हो ।

स्वर्ण पदक विजेता ३५, रजत पदक विजेता ३२ र कास्य पदक विजेता ८५ खेलाडीलाई सम्मान सहित क्रमशः जनही रु १५ हजार, रु १० हजार र कास्य रु पाँच हजार प्रदान गरिएको थियो ।

यसैगरी ३६ टोली व्यवस्थापक र ४० प्रशिक्षिकलाई समेत सम्मान गरिएको थियो । महानगर प्रमुख धनराज आचार्य्यले खेलाडीलाई प्रदान गरिएको रकम सानो भए पनि हौसला बढाउन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । खेलाडीको खेलजीवनको निरन्तरताका लागि आवश्यक सहयोग गर्न महानगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

पोखरालाई पर्यटनको राजधानी बनाउने अभियानमा महानगरको टोली रहेको चर्चा गर्दै नगरप्रमुख आचार्यले खेलमार्फत पर्यटन प्रवर्द्धनसहित यहाँ आवश्यक पूर्वाधार निर्माण गरिने जानकारी दिनुभयो ।

महानगरले अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा पोखरामा आयोजना गर्न लागेको 'टुर दि पोखरा' कार्यक्रमका क्रममा आगामी पुस ६ गते दोस्रो संस्करणको राष्ट्रिय मेयरकप साइकल दौड प्रतियोगिता, २०७९ गर्ने जनाएको छ । पोखरा-१७ रानीवनबाट सुरु हुने उक्त प्रतियोगितामा देश तथा विदेशका साइकलयात्रीको सहभागिता रहने भएका छन् ।

**गण्डकीका विजेतालाई परिषद्ले सम्मान गर्ने**

यसैगरी राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई गण्डकी प्रदेश खेलकुद परिषद्ले नगदसहित सम्मान गर्ने भएको छ । कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्यसचिव घनश्याम पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार मङ्सिर तेस्रो साताभित्रै खेलाडीलाई नगदसहित सम्मान गरिनेछ । खेलाडीसँगै खेल प्रशिक्षक, व्यवस्थापक र खेल सङ्घलाई समेत सम्मान गरिने जनाइएको छ । गण्डकी प्रदेशका तर्फबाट पदक विजेता खेलाडीलाई सम्मान गर्न परिषद्ले कार्यविधिसमेत तयार गरिसकेको जानकारी गराउँदै उहाँले सम्मान कार्यक्रमको व्यवस्थापन गर्न कार्यकारी सदस्य दिलबहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको बताउनुभयो ।

गत असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन भएको नवौँ राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश प्रदेशस्तरमा प्रथम भएको थियो । गण्डकी विभागीय टोली पछि समग्रमा चौथो स्थान हासिल गरेको थियो । गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ कास्य पदक प्राप्त गरेको थियो ।रासस

# २०२२ मा सर्वाधिक गोलको रेकर्डमा नाम थप्न ६ जनाबीच मुख्य प्रतिस्पर्धा



**एजेन्सी**

काठमाण्डु । एउटा फुटबलरको चाहना कुनै पनि खेलमा गोल गर्नु हो। फुटबलको महाकुम्भ विश्वकपमा गोल गर्दाको अनुभूति र रोमाञ्चकता बेग्लै हुने भएकाले हरेकले टीमका लागि गोलको प्रयत्न गरिरहेका हुन्छन्।

कतिपयले मौकाले गोल गर्छन् भने कतिपय निपूर्ण खेलाडीको हकमा गोल गर्नु आदतनै हुन्छ। गोलको आदत भएका केही खेलाडीले फुटबलमा सर्वाधिक गोल गर्ने सूचिमा आफ्नो नाम दर्ज गरेका छन्। २०२२ को विश्वकप खेलमा पनि सर्वाधिक गोलको रेकर्ड बनाउनका निम्ति ६ खेलाडीबीच प्रतिस्पर्धा छ।

जर्मनका मिगोस्लभ क्लोसले अहिलेसम्मका सबैभन्दा बढी गोलकर्ता हुन्। आफ्ना टिमका लागि उनले १६ गोल गरेका छन्। विश्वकपका २४ खेलबाट उनले १६ गोल गरेका हुन्।

विश्वकपका १९ खेलमा १६ गोल गर्ने ब्राजिलका रोनाल्डो दोस्रो स्थानमा छन्। सन् २००२ को खेलमा आठ गोल गरेका रोनाल्डोले त्यो वर्ष गोल्डेन बुट पाएका थिए।

जर्मनीका अर्का खेलाडी गर्ड मुलर सर्वाधिक गोकर्ताको सूचिमा तेस्रो स्थानमा छन्। तत्कालीन पश्चिम जर्मनीबाट खेल्ने मुलरको नाममा १४ गोल छ। १३ खेलबाट उनले १४ गोल गरेका थिए। यता, ६ खेलमा १३ गोल गरेका फ्रान्सका जस्ट फोन्टेन चौथो नम्बरमा छन्। १४ खेलबाट १२ गोल गर्ने पेले पाचौँ स्कोरर हुन् ।

**६ खेलमा १३ गोल गर्ने फ्रान्सका जस्ट फोन्टे**

यता, पाँच खेलमा ११ गोल गर्ने हंगेरीका सन्दुर कोच्सिस र १७ खेलमा ११ गोल जोड्ने तत्कालीन पश्चिम जर्मनीका यर्गन क्लिन्सम्यान छैठौँ सूचिमा छन्।

सर्वाधिक गोलकर्ताको सातौँ सूचिमा ६ जना खेलाडीले नाम लेखाएका छन्। त्यस सूचिमा पश्चिम जर्मनीकै हेम्युट रहान छन् उनले १० खेलमा १० गोल जोडेका थिए। यता, १२ खेलमा १० गोल जोडेका इंगल्याण्डका खेलाडी गेरी लिन्कर यो सूचिमा समावेश छन् भने १२ खेलमा १० गोल गरेका अर्जेन्टिनाका ग्याब्रिएल पनि यो रेकर्ड भेट्टाएका छन्।

यता १० खेलाडीको नाममा ९ गोल गरेको रेकर्ड छ। त्यसमा पेरूका टेफिलो क्युबास छन्। उनले १३ खेलमा १० गोल गरेका थिए। यस्तै, २० खेलबाट १० गोल जोडेका गर्गोज लेटो र ६ खेलमा ९ गोल गरेका ब्राजिलका अदेमिर सहित, भाबा, र जैरनिहो पनि यो रेकर्ड भेट्टाउनेमै पर्छन्।

पोर्चुगलका सेबिओ, इटालीका खेलाडी त्रय क्रिष्टिन भेरी, रोबर्टो र पाओलो रोसीको नाममा पनि ९ गोलको रेकर्ड छ। यता पनि यसै सूचिमा समावेश छन्। यस्तै, स्पेनका डेभिड भिल्ला जर्मनीका तत्कालीन पश्चिम जर्मनीका खेलाडीद्वय कार्ल हेन्ज र वेइ सिलरले पनि ९ गोल गर्न सफल भएका थिए।

विश्वकपमा आठ गोल गर्ने खेलाडीको सूचिमा अर्जेन्टिनाका ग्युल स्टेबल, ब्राजिलका खेलाडीद्वय लिओनिदास र रिभाल्दो छन्।

यता उरूग्वेका ओस्करसहित तत्कालीन पश्चिम जर्मनका रूदी भोलरका नाममा पनि पनि आठ गोल जोडेको रेकर्ड छ। अर्जेन्टिनाका डियगो म्यारोडोनाको नाममा पनि आठ गोलको रेकर्ड छ।

**यसपटक सर्वाधिक गोल बनाएर रेकर्ड बनाउन ६ खेलाडीबीच मुख्य प्रतिस्पर्धा**

सन् २०२२ को विश्वकपमा सर्वाधिक गोलकर्ताको सूचिमा दर्ज हुन ६ खेलाडीबीच मुख्य प्रतिस्पर्धा छ। जसको पहिलो सूचिमा छन्- उरूग्वेका स्टार खेलाडी लुइस स्वारेज। उनले १३ खेलमा ७ गोल जोडेका छन्। यस्तै, १७ खेलमा सात गोल जोडेका पोर्चुगल स्टार क्रिष्टियानो रोनाल्डो पनि सर्वाधिक गोल गरेर रेकर्ड थप्ने लयमा छन्।

गोल थपेर रेकर्ड राख्न प्रतिस्पर्धामा रहेका अर्का खेलाडी हुन् इंग्लयाण्डका ह्यारी केन। उनले ६ खेलमा ६ गोल जोडेका छन्।

यता, १० खेलमा ६ गोल गरेका ब्राजिलका स्टार नेइमार पनि यसै सूचिमा छन् भने अर्जेन्टिनाका भरोसा लिओनल मेसी पनि गोल थपेर रेकर्ड राख्ने पक्षमा छन्। उनको नाममा १९ खेलबाट ६ गोल जोडेको रेकर्ड छ।

यो विश्वकप पोर्चुगलका कप्तान रोनाल्डो र अर्जेन्टिनाका कप्तान लिओनल मेसीका लागि अन्तिम हुनसक्छ। अन्तिम मौकामा गोल थप्दै आफ्नो नाममा रेकर्ड बढाउन उनीहरूले हरसम्भव प्रयत्न गर्नेछन्।

# सगरमाथा पदमार्गमा अस्पताल, गन्तव्य चुम्न पर्यटकलाई हुने छैन सकस

फाकदिङ। खुम्बु पासाङल्हामु गाउँपालिकाको सिरानमा छ विश्वकै सर्वोच्च हिमशिखर सगरमाथा। आठ हजार आठ सय ४८ दशमलव ८६ मिटर अग्लो हिमाल चुम्न तथा नजिकबाट नियाल्न दिनहुँ यहाँ आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्छ। सगरमाथासहितका अग्ला हिमाल पनि यहीँ छन् ।

हिमाल आरोहण र पदयात्रा गर्नेको सङ्ख्या बर्सेनी बढ्दै गएको छ। यसका लागि कोही लुक्लाबाट पैदल त कतिपय हेलिकप्टर प्रयोग गर्छन् । तर सबैजसोलाई बाटोभरि एउटै कुराको पीर रहन्छ, स्वास्थ्य अवस्था बिग्रिए तत्काल उपचार गर्न कहाँ जाने ? उपचारको भरपर्दो व्यवस्था नहुँदा पर्यटकलाई निकै सकस हुने गरेको छ। स्थानीयलाई झनै सकस हुन्छ । पर्यटक र स्थानीयवासी उपचार अभावमा ज्यान गुमाउन बाध्य हुन्छन् । बिरामी भइहाले उनीहरु नाम्चे र लुक्लाको सामान्य अस्पतालको भर पर्दछन् । तर बिरामी घण्टौँ हिँड्नुपर्दा बाटोमै ज्यान गुमाएका अनेकन उदाहरण छन् ।

अब अवस्था फेरिएला जस्तो छ। यही सातादेखि खुम्बु पासाङल्हामु गाउँपालिका-३ फाक्दिङमा १५ शैय्याको अस्पताल सञ्चालनमा आएको छ । यहाँ अस्पतालसँगै दक्ष चिकित्सकको व्यवस्था गरिएको छ। रु २० करोडको लगानीमा अस्पताल सञ्चालनमा आएको हो । लुक्ला र नाम्चेको बीचमा अवस्थित फाक्दिङमा तीन रोपनी क्षेत्रफलमा अस्पताल निर्माण गरिएको छ । अस्पतालमा ४० कोठा छन् । अस्पतालका मुख्य लगानीकर्ता हेली एभरेष्ट प्रालिका प्रबन्ध निर्देशक फुर्वा ग्याल्जेन शेर्पा रहनुभएको छ। उहाँ हिमालयन शेर्पा फाउण्डेशनको अध्यक्षसमेत हुनुहुन्छ । शेर्पाको होटल व्यवसाय पनि छ।

बिरामीको अवस्था देखेर व्यवसायी शेर्पाको मन पोल्थ्यो । स्थानीयवासीको अवस्था दयनीय थियो। आर्थिक अवस्था एकदमै कमजोर। बिरामी पर्दा आन्तरिक तथा बाह्य पर्यटक बीच बाटोबाटै आफ्नो गन्तव्य त्याग्न बाध्य हुन्थे। यि सबै कुराले शेर्पा बेचैन भए। जसरी नि यो क्षेत्रमा एउटा अस्पताल बनाउनैपर्ने निष्कर्षमा उहाँ पुग्नुभयो । "अस्पताल बनाउन सजिलो थिएन", शेर्पाले भन्नुभयो, "मेरा सामु ठूलो चुनौती थियो, अन्ततः म सफल भए।"

विसं २०७२ वैशाखमा गएको भूकम्पले सोलुखुम्बु पनि प्रभावित बन्यो। घर भत्किएपछि यहाँका सर्वसाधारण बिचल्लीमा परे । शेर्पा यस्तो अवस्था देखेर बेचैन हुनुभयो । उहाँले सहयोग अभियान चलाउनुभयो । स्वदेशी तथा विदेशी नागरिकले सहयोग गर्दा झण्डै रु डेढ करोड सङ्कलन भयो । उहाँ राहत सामग्री बाकेर गाउँ गाउँ पुग्नुभयो । "साथीहरुले भूकम्प पीडितको अवस्था झल्किने तस्बिर सामाजिक सञ्जालमा राखेका रहेछन्, यसबाट मन पग्लेर विदेशमा रहेका स्थानीय तथा विदेशी नागरिकले सहयोगको इच्छा देखाउनुभयो", उहाँले भन्नुभयो, "दैनिक रुपमा सहयोग रकम सङ्कलन हुँदै गयो।"

रकम सङ्कलन हुँदै गएपछि शेर्पाको मन फाउण्डेशन स्थापनार्फ मोडियो । श्रीमती र छोरीको साथले उहाँले हिमालयन शेर्पा फाउण्डेशन स्थापना गर्नुभयो। योसँगै शेर्पाले फाक्दिङमा भएको १५ रोपनी जग्गाा फाउण्डेशनका नाममा जोडनुभयो। त्यहीँ जग्गामा अस्पताल निर्माण गरिएको छ । "सुरुआतमा फाउण्डेशनको खातामा मैले दैनिनक १० डलर जम्मा गर्न थाले", उहाँले भन्नुभयो, "पछि दैनिक एक सय डलरसम्म खातामा जम्मा गर्न सफल भए।" फउण्डेशनलाई विदेशमा रहेका नेपालीका साथै शेर्पासँग जोडिएका सयौं व्यक्तिले सहयोग गरे। यसरी सङ्कलन भएको रकमबाट सात वर्षअघि शेर्पाले तीन रोपनी क्षेत्रफलमा अस्पताल निर्माण थाल्नुभएको हो।

"जब म भूकम्पपछि राहत सामग्री लिएर गाउँगाउँ पुगे, सबैले यो ठाउँमा अस्पताल बनाइदिन आग्रह गर्नुभयो", उहाँले भन्नुभयो, "बिरामीको अवस्था देखेरै अस्पताल बनाउने अभियान थालेको हो।" हिमालयन शेर्पा अस्पतालको यही कात्तिक १९ गते राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुभयो। यही ठाउँमा शेर्पाले सात वर्षअघि स्थानीयको पीडा देखेर स्वास्थ्य क्लीनिकसमेत सञ्चालन गर्नुभएको थियो। उक्त क्लीनिकबाट स्थानीयले निःशुल्क उपचार पाएका थिए । "कोरोना महामारीका कारण अस्पताल बन्न ढिला भयो", उहाँले भन्नुभयो। दुई हजार छ सय १० मिटर उचाइमा तीन महिनाअघि अस्पताल बनेको हो।

सगरमथा पदमार्गको लुक्ला र नाम्चेमा अस्पताल छ। तर ती दुवै अस्पताल सुविधा सम्पन्न भने छैन । जटिल रोगका बिरामीले उपचार गर्न सक्ने अवस्था छैन । उपचारका लागि उनीहरु हेलिकप्टर चार्टर गरी काठमाडौँ नै फर्किनुपर्ने अवस्था छ। "नेपाल घुम्न आउने पर्यटक बढीजसो मध्यम आर्थिक अवस्थाका हुन्छन्", शेर्पा भन्नुहुन्छ, "धेरै पैसा खर्च गर्न र पदयात्रामा ज्यानको जोखिम मोल्न उनीहरु चाहँदैनन् ।" स्थानीय र आन्तरिक पर्यटकलाई त हेलिकप्टर चार्टर गरेर उपचार गर्न असम्भव जस्तै छ । "जेनतेन जोगाएको पैसोका भरमा घुम्न आइन्छ, हेलिकप्टर चढेर उपचार गराउन काठमाडौँ जाने कुरा त कल्पना गर्नै सकिन्न", लुक्लामा भेटिनुभएका जुम्लाका पदयात्री टङ्क महत भन्नुहुन्छ, "अरु सबै कुरा ठीक छ, बिरामी परे उपचार गराउन धेरै समस्या रहेछ ।" पदमार्गमा सामान्य औषधिसमेत पाउन नसकेको उहाँको गुनासो छ । सगरमाथा क्षेत्रमा पर्यटक भित्र्याउन सबैभन्दा पहिला सुविधासम्पन्न अस्पताल आवश्यक भएको महतको भनाइ छ।

लुक्लादेखि फाकदिङ पुग्न पैदल चार घण्टा लाग्छ । बिरामीलाई लुक्ला अस्पताल पुग्न सातदेखि आठ घण्टासम्म लाग्छ । "उपचार गराउन लुक्ला गएका बिरामी बाटोमै मरेका धेरै घट्ना छन्", हिमालयन शेर्पा फाउन्डेसनकी उपाध्यक्ष कान्छी फुटी शेर्पाले भन्नुभयो । डोकोमा बोकेर अस्पताल लैजानुपर्ने उहाँ बताउनुहुन्छ । खुम्बु पासाङल्हामु गाउँपालिका-३ मा ११ गाउँ छन् । गाउँका सबैजसो पुरुष ट्रेकिङमा जान्छन् । उनीहरु कोही भरिया, कतिपय गाइडको काम गर्छन्। महिला र बालबालिका घरमै हुन्छन् । बालबालिका बिरामी भए महिला आफैँले बोकेर अस्पताल लैजान्छन् । लुक्लाबाहेक उनीहरु उपचार गर्न जाने ठाउँ नाम्चे हो। त्यहाँ पनि उपचार गराउन सात आठ घण्टा हिँड्नुपर्छ । "सुत्केरीलाई उपचार गराउन बढी दुःख छ", शेर्पा भन्नुहुन्छ, "हेलिकप्टर चढेर अन्यत्र लैजान आर्थिक अभावले सम्भव नै हुन्न।"

यहाँको मुख्य खाना भनेको आलु र भात नै हो। अधिकांश मधुमेह, हृदयघात र रक्तचापबाट पीडित छन् । "बिरामी स्वास्थ्य जचाउन खाली पेट जानुपर्छ, यसरी घण्टौं हिंडेर जाँदा बाटोमै ज्यान जाने जोखिम हुन्छ", उहाँले भन्नुभयो । यहाँका बासिन्दा सामान्य रोग लाग्दा सहेरै घरमा बस्न बाध्य हुन्छन्।

हिमालयन शेर्पा अस्पतालले हाल १५ शैय्याका लागि मात्र अनुमति पाएको छ । भविष्यमा शैय्या थप्ने योजना रहेको सञ्चालक शेर्पा बताउनुहुन्छ । "स्थानीयलाई निःशुल्क उपचारको व्यवस्था गरेको छु", उहाँले भन्नुभयो। शेर्पा नेपाल पर्यटन बोर्डको सदस्यसमेत हुनुभयो। उहाँले बोर्डमा हुँदा बजेट ल्याएर पर्यटक लक्षित विकासका काम गर्नुभयो। विदेशी पर्यटकलाई हिमालमा पदयात्रा गर्न जाँदा, हिमाल आरोहणमा जाँदा धेरै समस्या हुने गरेकोप्रति उहाँ सधैँ सचेत हुनुहुन्छ । "बिरामी भएका पर्यटकलाई फाक्दिङसम्म ल्याएर उपचार गरी पुनः आरोहण र पदयात्रामै फर्काउन चाहन्छु", शेर्पाले भन्नुभयो, "उनीहरुलाई उद्धार गरेर काठमाडौँ पठाउने होइन्। यहीँ उपचार गरी गन्तव्यमा पठाउन सके विश्वभर राम्रो सन्देश जान्छ।"

पर्यटकले धेरै दुःख गरी पैसा बचत गरेर नेपाल घुम्न आएका हुन्छन् । उहाँहरु गन्तव्यसम्म पुग्न नपाइ फर्किनु परे उहाँहरुले चाहेको सपना पुरा हुन् सक्दैन्। यो कुरालाई ध्यानमा राख्दै अस्पताल निर्माण गरेको शेर्पा बताउनुहुन्छ। अस्पताल बनाउन जर्मनीका नागरिक डा मथेस बाउमेनले रु पाँच करोड तथा अन्य दाताबाट थप रु दुई करोड सहयोग प्राप्त भएको शेर्पाले जानकारी दिनुभयो । हाल अस्पतालमा एक चिकित्सकसहित तीन स्वास्थ्यकर्मी कार्यरत छन् । अस्पतालमा एक वर्षभित्र अक्सिजन प्लान्ट पनि सञ्चालनमा ल्याउने योजना छ। त्यसका लागि रु ५० लाखभन्दा बढी खर्च हुने बताइन्छ।

राज्यको तर्फबाट यस क्षेत्रमा अस्पताल बनाउन चासो दिइएको छैन। तर शेर्पा भने सबैथोकका लागि राज्यका निकायमाथि निर्भर नरहन सबैलाई सुझाव दिनुहुन्छ । "हामी आफैँले केही गर्ने प्रयास गर्ने हो, किन सरकारमाथि नै निर्भर रहनु ?" अस्पताल बनाउन सरकारी निकायले सहयोग नगरेको प्रति उहाँको गुनासो छैन । पर्यटन व्यवसायी शेर्पा परिवारले अन्य व्यावसायिक तथा सामाजिक कामसमेत गर्दै आएको छ । उहाँहरुले यहाँ गुम्बा तथा विद्यालय आफ्नै खर्चमाा निर्माण गर्नुभएको छ।रासस




# मंसिर ४ गते हुने चुनावबारे सम्झाउँदै फेसबुक




**टुडे समाचारदाता**

काठमाण्डु । फेसबुकले आफ्नो नेपाली प्रयोगकर्ताहरूलाई आउँदो मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनबारे सम्झाएको छ।

फेसबुकले शुक्रबारदेखि नेपाली प्रयोगकर्ताहरूको न्युज फिडिमा चुनाव हुनेबारे जानकारी दिन सुरू गरेको हो।

निर्वाचन आयोगले निर्वाचन हुने सम्बन्धी विभिन्न माध्यमबाट प्रचार-प्रसार गरिरहेको छ। यस्तैमा आयोगले विभिन्न व्यक्ति, समूह र कम्पनीहरूसँग सहकार्य गरेको पाइन्छ।

फेसबुकले नेपाली प्रयोगकर्ताहरूको न्युज फिडमा देखाएको सूचनामा लेखिएको छ, '(फेसबुक प्रयोगकर्ताको नाम), चुनाव हुने दिन मंसिर ४ हो! २०७९ मंसिर ४ गते हुने नेपालको संसदीय निर्वाचनसम्बन्धी जानकारी निर्वाचन आयोगबाट प्राप्त गर्नुहोस्।'

यसको तल उक्त जानकारी अन्य प्रयोगकर्तामाझ र फेसबुकमा सेयर गर्ने नेपालमा रहेका व्यक्तिहरूको संख्या उल्लेख गरिएको छ। त्यसको तल थप लेखिएको छ, 'चुनावसम्बन्धी जानकारी हेर्नुहोस'।

यो विकल्प थिचेपछि निर्वाचन आयोगको आधिकारिक फेसबुक पेज खुल्छ। प्रयोगकर्ताले 'सेयर गर्नुहोस' विकल्प पनि देख्न सक्नुहुन्छ। यो विकल्प थिचेपछि भने उक्त जानकारी प्रयोगकर्ताको फेसबुकमा सेयर हुन्छ।


# ७ बुँदे माग राख्दै व्यवसायीले बुझाए अर्थमन्त्री र गभर्नरलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । तनहुँका उद्योगी, व्यवसायीले अर्थमन्त्री र गभर्नर समक्ष ज्ञापनपत्र बुझाएका छन्।

तनहुँ उद्योग वाणिज्य संघको नेतृत्वमा बिहीबार उद्योगी, व्यवसायीको टोलीले ७ बुँदे माग राख्दै प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालमार्फत् अर्थमन्त्री र गभर्नरलाई ज्ञापनपत्र बुझाएका हुन्। ज्ञापनपत्रमा कर्जाको ब्याजदर एकल अंकमा हुनुपर्ने, बैंक तथा वित्तीय संस्थाले विभिन्न शीर्षकमार्फत् सेवा शुल्कका नाममा कुनै पनि शुल्क लिन नपाउने, कर्जाको ब्याजदर पुनर्संरचना गर्नुपर्ने, विगतमा मौद्रिक नीतिमार्फत् दिएको छुट कार्यान्वयन हुनुपर्ने लगायत माग गरिएका तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले बताए।

ऋणीको उद्योग, व्यापार, व्यवसायको सम्पूर्ण नगद कारोबार चल्ती खातामार्फत् गर्ने व्यवस्था भएकोमा नगद कारोबार कर्जा खातामा नै जम्मा गर्ने व्यवस्था हुनुपर्ने, कर्जा लगानी गरेपश्चात कम्तीमा एक वर्षसम्म ऋणीको सहमतिबिना ब्याजदरमा कुनै पनि वृद्धि गर्न नहुने उनीहरूको माग छ। बैंक तथा वित्तीय संस्थाले अनुचित रूपमा बढाएको लिलामी प्रक्रिया तत्काल स्थगित हुनुपर्ने माग गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ।



नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठ र पूर्वकेन्द्रीय सदस्य वृषराज श्रेष्ठले संयुक्त रुपमा प्रजिअ अर्याललाई सो ज्ञापनपत्र बुझाएका हुन्।

व्यावसायिक क्षेत्रमा देखिएको आर्थिक अन्यौलता र बैंक तथा वित्तीय समस्याका सम्बन्धमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने उद्देश्यले संघमा आवद्ध २९ संघ संस्थाको ऐक्यबद्धतामा ज्ञापनपत्र बुझाइएको संघका प्रथम उपाध्यक्ष इमकुमार मल्लले जानकारी दिए।

ज्ञापनपत्र बुझ्दै प्रजिअ अर्यालले व्यवसायीको मागसहितको ज्ञापनपत्र तत्काल सम्बन्धित मन्त्रालयमा पठाउने बताए । तनहुँ उद्योग वाणिज्य संघसँगै चेम्बर अफ कमर्स तनहुँले ज्ञापनपत्र बुझाएको चेम्बरका वरिष्ठ उपाध्यक्ष कविराज श्रेष्ठले जानकारी दिए।

यसअघि जिल्लाभरका करिब चार सय व्यवसायीले हातहातमा प्लेकार्डसहित शान्तिपूर्ण विरोध ऱ्याली प्रदर्शन गरेका थिए।

# नेपाल एयरलाइन्सले गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान भर्दै

काठमाण्डु । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने भएको छ।

डिसेम्बरको अन्तिमसम्म भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको तयारीभइरहेकोनेपालएयरलाइन्सका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त प्रयोजनका लागि निगमका वाणिज्य निर्देशक जनकराज कालाखेतीको संयोजकत्वमा गठित समितिले उडान सञ्चालनबारे अध्ययन गरिरहेको छ।

अध्ययन प्रतिवेदन बुझाएपछि निगमको बोर्ड बैठकबाट निर्णय गरी डिसेम्बरभित्रै व्यावसायिक उडान सञ्चालनको योजनाअनुरुप सरोकारवालासँग परामर्श भइरहेको प्रवक्ता खड्काले बताउनुभयो।

उहाँले भन्नुभयो,ँडिसेम्बरको अन्तसम्ममा उडान गर्ने भनेर तयारी हुँदैछ। कुन-कुन गन्तव्यमा उडाउने भन्नेबारे समितिको प्रतिवेदनपश्चात् बोर्डले निर्णय लिनेछ।'




हाल गौतमबुद्ध विमानस्थलबाट कुवेतको जजिरा एयरलाइन्सले सातामा तीनवटा उडान गरिरहेको छ । नेपाल एयरलाइन्सले भारतका तीनसहित आठ देशका १० गन्तव्यमा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ । एयरलाइन्ससँग अन्तर ाष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए-३३० र दुई थान न्यारोबडी ए-३२० जहाज छन्।

गौतमबुद्ध विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको साढे पाँच महिनापछि कात्तिक १७ देखि हिमालय एयरलाइन्सले मलेसियाको क्वालालम्पुरका लागि नियमित चार्टर्ड उडान सञ्चालन गर्दै आएको छ। एयरलाइन्सले दैनिक एक चार्टर्ड उडान गरिरहेको छ।

नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट दैनिकरूपमा तीनभन्दा बढी उडान गर्ने विमान कम्पनीलाई भैरहवाबाट पनि गर्नुपर्ने व्यवस्था गरेको थियो । जसका कारण हिमालय एयरलाइन्सले चार्टर्ड उडान सुरु गरेको थियो। नेपाल एयरलाइन्सले पनि थप उडानका लागि भैरहवा विमानस्थलबाट उडान गर्न लागेको हो । नेपाल एयरलाइन्सले भैरहवाबाट छिट्टै अन्तर्राष्ट्रिय उडान गर्ने गरी छलफलमा रहेको प्राधिकरणको भनाइ छ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा स्वदेशी कम्पनीले कम्तीमा पनि एउटा अन्तर्राष्ट्रिय उडान गर्दै अन्तर्राष्ट्रिय एयरलाइन्सलाई आकर्षित गर्न नियामक निकायले बाध्यकारी व्यवस्था गरेको थियो। प्राधिकरणले नेपालका दुई नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्ससहित पाँच अन्तर्राष्ट्रिय एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलबाट उडान गर्न लिखितरुपमा आग्रह गरिसकेको छ। रासस


**मधेश प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**

**जनकपुरधाम, धनुषा, नेपाल**

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/७/२७ (13 Nov2022)**

यस आपूर्ति केन्द्रवाट प्रकाशित 1S2E विधि वमोजिम तपसिल अनुसारका ठेक्काहरुको आर्थिक प्रस्ताव तपसिल अनुसारको स्थान, मिति र समयमा खोलिने भएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | प्राविधिक प्रस्ताववाट छनौट भएका वोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | MP/PHLMC/NCB/GOODS-8/2079-80 | 1) Om surgical concern Pvt. Ltd. Kathmandu.<br>2) Seven Hills Pvt. Ltd. Kathmandu. | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, जनकपुरधाम<br>मितिः २०७९।८।५गते<br>समयःदिनको २:०० वजे |
| 2 | MP/PHLMC/NCB/GOODS-9.2/2079-80 | 1) Blue Moon MeditechPharma, Gairedhara, Kathmandu.<br>2) G.H. Medihealth concern Pvt. Ltd. Bhaktpur | |
| 3 | MP/PHLMC/NCB/GOODS-11/2079-80 | Lifeline Trade International Pvt. Ltd. Lalitpur | |
| 4 | MP/PHLMC/NCB/GOODS-14/2079-80 | Blue Moon MeditechPharma, Gairedhara, Kathmandu. | |

**निर्देशक**

**प्र.स्वा. आ. व्यवस्थापन केन्द्र**

**जनकपुरधाम**

# स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाधाम नगरपालिकाको सरसा, रामपुर, लवटोलियासहित एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

बलुवा खोलामा पुल निर्माण नहुदाँ स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम देखिएको छ ।

आफ्नो गाउँदेखि पाँच किलोमिटरको दूरीमा रहेको धनुषाधाम बजारसम्म पुग्न ठूलो समस्या छ, रामपुरकी श्यामादेवी यादवले भने,'पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर बजारसम्म पुग्ने गर्छौं, कतिपयले घुमाउरो बाटोको प्रयोग गरेर पुग्ने गर्छन् ।'

बाढीको समयमा दुई महिनासम्म त स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुने गरेको यादव बताउछन् । यो समस्याबारे वडा र नगरका जनप्रतिनिधिदेखि मन्त्रीसम्म पनि अवगत गराए पनि खोलामा पुल निर्माणका लागि कुनै पहल हुनसकेको छैन । पुल निर्माण भएमा गाउँदेखि धनुषाधाम बजारसम्म पाँच किलोमिटर जति दूरी पर्ने छ । बालुवा खोलाको बाढीले बर्सेनि गर्दै आएको क्षतिबारे स्थानीयले जनप्रतिनिधिदेखि ठूला नेतालाई गुहार्दै आए पनि सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । 'खोलामा पुल नबन्दा भोग्नुपरेको पीडाका बारेमा चारैतिर गुहार्दै आएका छौं, तर हाम्रो कुरा अहिलेसम्म कसैले सुनेनन, रामपुरकै सीतादेवी भनिन, निर्वाचित भएदेखि नै धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिलाई समेत खोलाले पुऱ्याउँदै आएको क्षति र पुलको आवश्यकताबारे ध्यानाकर्षण गराए पनि केही हुनसकेको छैन । केही महिनाअघि प्राविधिक गएर पुलको नाप-नक्सा गरे पनि पुल निर्माणको कुनै काम अघि बढ्न सकेको छैन ।

त्यसैले अब खोलामा तटबन्धनसँगै पुल निर्माणको सुनिश्चित गर्ने उम्मेदवारलाई मंसिर ४ गते हुन गइरहेको प्रनितिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदान गर्ने स्थानीय मतदाताको भनाइ छ ।

चुनावका बेला भोट लिन ठूला-ठूला आश्वासन बाँड्ने नेता पदमा पुगेपछि बिर्सिने गरेको लवटोलियाका रामचन्द्र साहले बताए । उनले भने, 'अब जसले हाम्रो कुरालाई मनन् गर्छ र खोलामा तटबन्ध र पुल बनाउने सुनिश्चितता गर्छ हाम्रो मत उनलाई नै जान्छ ।'

यता धनुषाधाम नगरपालिकाका निवर्तमान नगरप्रमुख बालेश्वर मण्डलले बलुवा खोलामा पुल निर्माणका लागि पहल गरे पनि सफल हुन नसकेको बताए । 'पुल निर्माणका लागि चाहिने जति बजेट नगरपालिकाकासँग भएन, त्यसैले संघीय सरकार र प्रदेश सरकारसँग पहल गरेको थिए, निवर्तमान नगरप्रमुख मण्डलले भने,'पछिल्लो समय के प्रगति भयो, त्यो मलाई थाहा भएन ।' यद्यपि यस विषयमा आफूले पहल गरिरहेको उनको भनाइ छ ।

धनुषाको क्षेत्र नं १ मा पर्ने सो क्षेत्रका स्थानीयले आसन्न निर्वाचनमा ठोस प्रतिबद्धता जनाउनेलाई नै मतदान गर्ने बताएका छन् । उक्त क्षेत्रमा प्रनिनिधिसभा सदस्यका लागि पाँचदलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का उपमहासचिव मातृकाप्रसाद यादव, एमाले-जसपा गठबन्धनबाट जसपाका नेता दीपक कार्की र जनमत पार्टीबाट किशोरी साह (कमल)लगायतका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# मुख्यमन्त्री राउतलाई जनताद्वारा प्रश्नै प्रश्न

**अनिल तिवारी**

वीरगन्ज । चुनाव नजिकैदै जादा मुख्यमन्त्रीप्रतिको जनमत खस्किदै गएको छ । मंसिर ४ गते हुने निर्वाचनमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत पर्सा निर्वाचन क्षेत्र नं. १ को (ख)बाट उमेदवारी दिएका छन ।

विपक्षी उम्मेदवारहरुले उनले गरको भ्रष्ट्र्चार,अनियमितता र साइकल खरिदमा अख्तियारले दर्ता गरेको मुद्दालाई मुख्य बनाएका छन । अघिल्लो पटक मधेश केन्द्रित दलहरुको गठबन्धनबाट निर्वाचन जितेका राउतलाई यसपटकको चुनाव जित्न हम्मेहम्मे पर्ने देखिन्छ । विपक्षीले उठाएका प्रश्न आफ्नै क्षेत्रमा भएको भ्रष्ट्राचार र अनियमितता तथा मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत अलपत्रमा परेका विभिन्न महत्वकाक्षी योजना बारे जनताले उठाएका प्रश्नको जवाफ दिन मुख्यमन्त्रीलाई हम्मे हम्मे परेको छ ।

सबै उम्मेदवारहरु चुनावमा संचार माध्यमहरुसंग नजिक रहेको बेलामा मुख्यमन्त्री राउत पत्रकारसंग कुरा कुरा नगर्ने रणनीति बनाएका छन् । मधेश आन्दोलनको रापतापमा अघिल्लो पटक चुनाव जितेका मुख्यमन्त्री राउतले मधेशी जनतालाई दिएको आश्वासन पूरा गर्न नसकेको भन्दै राउतका निर्वाचन क्षेत्रका जनता उनी प्रति रुष्ट छन् । एमालेसंग जनता समाजबादी पार्टीले गरेको गठबन्धन र मुख्यमन्त्री राउतले पाँच वर्षमा गरेको भ्रष्ट्राचार तथा निर्वाचन क्षेत्रमा भएको बजेट दुरुपयोगका कारण चुनावी माहोल मख्यमन्त्रीको विपरित बन्दै गएको छ ।

विगतमा मधेशीदलको लागि भोटबैकको रुपमा रहेको नगवाका राकेश चौरसियाले भने,'मुख्यमन्त्रीका अधिकांश ठूला योजनाहरु अलपत्र परेका, आफ्नै पार्टीका नेता तथा कार्यकर्तालाई ठेक्का दिएर कमिशन खाएकालेको पनि बनेका सडकहरु पनि कतिपय ठाउँमा एक वर्ष नबित्दै भत्किदै छ ।'

वीरगञ्जलाई मधेशको राजधानी बनाउछुँ भनेर वीरगञ्जका जनतामाथि घात गरेको आरोप समेत मुख्यमन्त्रीमाथि लाग्ने गरेको छ ।चनावी प्रचार प्रसारमा गाउँहरुमा जाँदा 'नाकाबन्दी वीरगञ्जमा भयो,राजधानी कहाँ बनाउनु भयो ?भने प्रश्न आम युवाले उठाइ रहेका छन ।

एमालेसंग गठबन्धन भए पनि जसपाकै नेताहरुले एमालेको भागबन्डामा परेको क्षेत्रमा उठाएको वागी उम्मेदवारले पनि गठबन्धनलाई ठगबन्धन भन्न थालिएको छ ।

एमालेको कुरा छोडनुस पार्टीकै नेताहरु मुख्मन्त्री न जितोस भने चाहनामा रहको जसपाका एक नेताले दाबी गरे । केन्द्रीय अध्यक्ष उपेन्द्र यादवका खास मान्छेको रुपमा चिनिने एक केन्द्रीय सदस्यले मुख्यमन्त्री राउत जिते पनि निलम्बनमा पर्ने ठोकुवा गरे । उनले भने,'केन्द्रीय अध्यक्षको धेरै भनसुनमा मात्रै साइकल खरिदको एउटा मुद्दाबाट मुख्यमन्त्री जोगिनु भएको हो ,तर अहिले धेरै मुद्दाहरुको छानबिन भइरहेको छ ,उहाँ चुनाव जितेपनि निलम्बनमा पर्ने निश्चित छ ।'

उहाको इज्जत जोगाउन मात्र टिकट दिइएको बताउदै उनले भने,' मुख्यमन्त्री कार्यालयबाट योजना तथा साइकल खरिदको अर्को लटको फाइल लगायत छोरी बीमामा बैकहरुसंग भएको मिलेमतो सबैको छानबिन भइरहेको छ । निलम्बनबाट जोगिने कुरै छैन् ।'

पाँच बर्षे कार्यकालमा भएको भ्रष्ट्राचार र आफूले गरेका प्रतिबद्धता पूरा गर्न नसकेकाले चुनाव जित्न कठिन देखिन्छ । पर्सा जिल्लाको पोखरी सौन्दर्यको नाउँमा आएको करोडौको बजेट दुरुपयोग,आफ्नै दलका प्रदेश सभासदस्यका निर्माण कम्पनिले अधिकांश ठेक्का पाउनु संयोग नभएको भन्दै मुख्यमन्त्री विपक्ष तथा स्थानीय संचार माध्यमले उठाएको प्रश्नमा, मुख्यमन्त्री मौन बस्नुले विपक्ष चुनावमा झन आक्रामक बन्दै गएको छ ।

आफ्नै कार्यकर्ताद्धारा लक्ष्मनवा निर्माण गरेको तरकारी बजार अलपत्र छ, पर्यटन पूर्वाधारका लागि मुख्यमन्त्री राउतले हालसम्म ७ अर्ब रुपैया खर्च गरेका छन् । उनले खर्च गरेको अधिकांश रकम मन्दिर मस्जिद कब्रगाह बाहेक मधेश प्रदेशको कुनै एक ठाउँलाई सुन्दर पर्यटकीय स्थल निर्माण गरिएको देखिदैन ।



**पोखरी सौन्दर्यकरणमा करोडौ रुपियाँ दुरुपयोग**

मुख्यमन्त्री राउतको निर्वाचन क्षेत्रमा सवैभन्दा बढी मतदाता भएको वीरगञ्ज वडा नं. १६ को नगवा पोखरी सौन्दर्यकरणका लागि पठाएको रकम समेत दुरुपयोग भएको आरोप स्थानीयवासीको छ ।

नगवा पोखरी सौन्दर्यकरणका लागि परेरा/रञ्जन जेभी ललितपुरसँग २०७६ जेठ २२ गते १० करोड १ लाख ३० हजारमा ठेक्का सम्झौता भएको थियो । उक्त सम्झौता बमोजिम २०७८ बैशाख १४ गते निर्माण कार्य सम्पन्न गरिसक्नु पर्नेमा हालसम्म करिब ३५ प्रतिशत मात्रै निर्माण कार्य सकिएको छ ।

भौतिक पूर्वाधार विकास कार्यालय पर्साका अनुसार विनियोजित बजेटमध्ये हालसम्म ३ करोड ९७ लाख ८७ हजार ५ सय ७६ रुपैयाँ मात्रै खर्च भएको छ । आफ्नै निर्वाचन क्षेत्रको पोखरी निर्माणमा भएको दुरावस्था सुधार गर्न नसक्ने मुख्यमन्त्री राउतले फेरि भोट चाहियो भनेर कुन अनुहार देखाएर जनताकाबीचमा पुगेका छन् ? स्थानीयवासीले प्रश्न गर्न थालेका छन् ।

चालू आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेश सरकारले उद्योग पर्यटन तथा वन मन्त्रालयका लागि ४ अर्ब ८४ करोड रुपैयाँ बजेट विनियोजन गरेको देखिन्छ । यो बजेटमा पोखरी सौन्दर्यकरणदेखि मठ मन्दिर संरक्षणको खर्च पनि समावेश गरिएको छ । मठ मन्दिर संरक्षणको लागि मात्रै ३० करोड ३४ लाख रुपैयाँ विनियोजन भएको छ ।

तर,देशको मुख्य प्रवेशद्वार मानिएको वीरगञ्ज लगायतका क्षेत्रमा प्रदेश सरकारले सञ्चालन गरेका पोखरी संरक्षण र सौन्दर्यकरणको काम अलपत्र परेको छ । मधेश प्रदेश सरकारले मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरी सौन्दर्यकरणको योजना धेरै ठाउँमा अलपत्र अवस्थमा देखिन्छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १२ मुर्ली पोखरीको सौन्दर्यकरणका लागि विनियोजित १० करोड ४३ लाख १७ हजार रुपैयाँमध्ये ७ करोड ७ लाख ८१ हजार भन्दा बढी रकम खर्च हुँदा पनि कार्यप्रगति सन्तोषजनक छैन । परेरा/रञ्जन जेभि ललितपुरले लिएको उक्त ठेक्का २०७८ बैशाख १४ सकिएको छ ।

पर्साको छिपहरमाई गाउँपालिकास्थित छिपहरमाई पोखरीको सौन्दर्यकरणका लागि परेरा/रञ्जन जेभी, ललितपुरले १० करोड ४४ लाख ६३ हजार १८० रुपैयाँमा ठेक्का लिएको थियो तर यसको प्रगति एक चौथाई पनि हुन सकेको छैन् ।

ठेकेदारले यति कार्य गरेबापत दुई करोड १४ लाख ६१ हजार ८५४ रुपैयाँ भुक्तानी लिइसकेको छ भने यसको ठेक्का अवधि पनि २०७८ वैशाख १४ मा समाप्त भइसकेको छ । वीरगञ्ज महानगर-१५ मा रहेको लक्ष्मणवा पोखरीको सौन्दर्यकरण गर्न २०७७ फागुन १० गते एक करोड ७५ लाख २१ हजार ४१९ रुपैयाँमा सुनकोशी कन्स्ट्रक्शनले ठेक्का लिएको थियो ।

अहिलेसम्म यो ठेक्काको कार्यप्रगति ७३.२६ प्रतिशत छ र ठेकेदारले सोबापत एक करोड २८ लाख ३६ हजार ५३९ रुपैयाँ भुक्तानी पाइसकेको छ । यो ठेक्काको अवधि पनि समाप्त भइसकेको छ । तर कार्य सम्पन्न हुन सकेको छैन ।

वीरगञ्जकै मुर्ली बगैंचास्थित पोखरीको सौन्दर्यकरणका लागि २ करोड ५ लाख ४१ हजार २ सय रुपैयाँमा ठेक्का दिइएको थियो । विकोई/किशोर जेभीले २०७७ फागुन ११ मा सम्झौता गरेको भए पनि अहिलेसम्म यसको कार्य सुरू नै हुन सकेको छैन ।

पर्साको पटेर्वासुगौलीमा रहेको निचुटा पोखरी सौन्दर्यकरणको अवस्था पनि उस्तै छ । ३ करोड ६ लाख ३१ हजार ३५३ रुपैयाँमा नागार्जुन/हेम-सरबासार्की, काठमाण्डुंले ठेक्का लिएको यस पोखरीको कार्यप्रगति १०.८ प्रतिशत मात्र छ । ठेकेदारले ३१ लाख १८ हजार ७४४ रुपैयाँ भुक्तानी भने लिइसकेको छ । यस ठेक्काको सम्झौता अवधि पनि समाप्त भइसकेको छ ।

पोखरी सौन्दर्यकरणका नाउँमा आएको बजेट दुरुपयोग हुँदा समेत मुख्यमन्त्रीले सोधखोज गर्न नसक्नु र गत निर्वाचनमा आफूले प्रतिबद्धता गरेका अधिकांश योजना अलपत्र अवस्थामा रहनुले मुख्यमन्त्री राउतलाई यसपटक चुनाव जित्न कठिन देखिन्छ । हरेक वडामा मुख्यमन्त्रीका विरुद्ध आवाजहरु उठन थालेका छन ।

मुख्यमन्त्रीको विकल्पमा बामलोकतान्त्रिक गठबन्धनका उम्मेदवार रामनारायण कुर्मी, स्वतन्त्र उम्मेदवार शशिकपुर मियाँ र ओम प्रकाश सराफ अहिले चुनावी प्रतिस्पर्धामा छन् । मुख्यमन्त्रीलाई हिजोका दिनमा सहयोग गरेको एउटा जमात शशिकपुर मियाँको साथमा देखिएका छन् ।

यता नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका रामनारायण कुर्मीलाई गठबन्धनको साथ रहेको छ । मुख्यमन्त्री विरुद्ध लड्ने बलियो उम्मेदवारको रुपमा कुर्मीलाई पनि हेरिएको छ । स्वतन्त्र उमेदवार ओमप्रकाश सरार्फतर्फ पनि युवाहरुको आकर्षण देखिएकोले अहिले कांग्रेसका कुर्मी र स्वतन्त्र उम्मेदवार शशिकपुर मियाँले मध्ये एकले नै मुख्यमन्त्रीलाई हराउन सक्ने आकलन गरिएको छ ।

# मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले सखुवानान्कारकट्टी गाउँपालिका सिराहाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत राजिव कुमार झा र सुखीपुर नगरपालिकाका नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत चन्द्रेश्वर प्रसाद यादवलाई मतदाता शिक्षाा कार्यक्रम सञ्चालन नभएकोमा मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

नेपालको संविधानको धारा २४७ मा यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ' भन्ने व्यवस्था छ । निर्वाचन आयोग ऐन,२०७३ को दफा ७ र ८ मा आयोगले निर्वाचनको कामको लागि स्थानीय सरकारको सहयोग लिन सक्ने र सो उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुने भनी उल्लेख छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० को उपदफा (१) मा आयोगले निर्वाचन सञ्चालन गर्ने सम्बन्धमा कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ' भन्ने व्यवस्था छ ।

उपरोक्त व्यवस्था बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन नभएको भए उक्त कार्यक्रम यथाशीघ्र सञ्चालन गरी पत्र प्राप्त भएको २४ घण्टाभित्र आयोगमा जानकारी गराउन निर्देशन दिएका छन् ।

# ७२ घण्टाअघि नेपाल-भारत सीमा बन्द गर्ने सहमति

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि नेपाल-भारत सीमा ७२ घण्टा अगाडि बन्द हुने भएको छ । जिल्लास्तरीय सीमा सुरक्षा समन्वय समितिको बैठकले ७२ घण्टा अघि सीमा बन्द गर्ने निर्णय गरेको हो ।

शनिबार बसेको बैठकले सो निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । उनका अनुसार बैठकमा दुबै देशका सुरक्षा अधिकारी सहभागी थिए । उनीहरुले दुबै देशको सीमा भएर हुने अपराध, अवैध हातहतियार, चोरी पैठारी, लागूऔषध ओसार पसार लगायत अवैध कारोबार नियन्त्रण गर्ने विषयमा बृहत् छलफल भएको छ ।

बैठकमा अवैध कारोबार नियन्त्रणसम्बन्धी र कारोबार सम्बन्धी गोप्य सूचनाहरु पनि दुबै देशका प्रतिनिधिहरुले आदानप्रदान गरेका थिए । सूचना अदानप्रदानपछि दुबै देशले रणनीति बनाएर यस्ता गतिविधि नियन्त्रण गर्ने सहमति गरेको छ । सीमामा हुने अपराध नियन्त्रणका लागि दुबै देशले समन्वय गर्ने, विपद् पूर्व तथा विपद्का बेला सूचना आदानप्रदान गर्ने, राजश्व चुहावट नियन्त्रण र सीमामा आवतजावत गर्दा हेल्थ डेस्कमा जाँच गर्ने लगायतका विषयमा छलफल भएको छ ।

बैठकमा नेपालका तर्फबाट धनुषा, महोत्तरी, सिरहा र सप्तरीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, भन्सार कार्यालयका प्रतिनिधि र भारतको तर्फबाट मधुवनी जिल्लाको मजिस्ट्रेट तथा भन्सार कार्यालयका प्रतिनिधिको सहभागिता थियो । समन्वय समितिको बैठक हरेक तीन-तीन महिनामा बस्ने गरेको छ ।

# धनुषाको फराकिलो जित



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश स्तरीय अण्डर-१९ क्रिकेट प्रतियोगितामा धनुषा क्रिकेट टीम विजयी भएको छ । रौतहटको गौरमा जारी प्रतियोगिता अन्तर्गत शनिबार महोत्तरीलाई १२७ रनले हराउँदै धनुषा विजयी भएको हो ।

टस जितेर ब्याटिङ गरेका धनुषा क्रिकेट टीमले र्निधारित ४० ओभरमा आठ विकेट गुमाएर दुई सय ३६ रन बनाएका थिए । धनुषाका लागि सर्वाधिक रञ्जित यादवले ९० बलमा ६३ रन, चन्दनकुमार यादवले ७७ बलमा ३६ रन र अभिजित मण्डलले ८ बलमा २५ रन बनाए । महोत्तरीको तर्फबाट बलिङ विनेश सहनीले आठ ओभरमा २५ रन खर्चेर २ विकेट र सुकेश यादवले पाँच ओभरमा २९ रन खर्चेर २ विकेट लिएका थिए । महोत्तरीका नितेश यादव, अभिषेक तिवारी र रमण मण्डलले एक/एक विकेट लिए ।

खेलको म्यान अफ द म्याच अभिजित मण्डल घोषित भएका थिए । उनले पाँच विकेट लिएर ३१ रन बनाएका थिए । महोत्तरीकोतर्फबाट ब्याटिङ गर्दै सुभाष यादवले २० र अविनाश तिवारीले ११ रन बनाएका थिए ।

# धनुषामा सात हजार सुरक्षाकर्मी परिचालन हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचनका लागि धनुषामा सात हजार सुरक्षाकर्मी परिचालन हुने भएको छ । मंसिर १ देखिदेखि प्रत्येक मतदान स्थलमा सुरक्षाकर्मी पुग्ने छन् ।

मतदानस्थललाई चार वटा सुरक्षार्मीले सुरक्षा दिने छन् । यी चारै निकाय मिलाएर सात हजार सुरक्षाकर्मी निर्वाचनमा परिचालन हुने धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए ।


उनका अनुसार १७ सय नेपाल प्रहरी र ३५ सय म्यादी प्रहरी परिचालन हुने छन् । नेपाली सेना, सशस्त्र प्रहरी र अपराध अनुसन्धान प्रहरी गरी सात हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन हुने उनले बताए ।

यस्तै धनुषामा ६ हजार कर्मचारी खटाइने छन् । कर्मचारीहरु छनोट भइसकेका छन् । उनीहरुलाई जनकपुरधामस्थित प्रशिक्षण तालिम निर्वाचन आयोगले दिइरहेको छ ।

मंसिर १ गते साँझ कर्मचारीहरु पनि मतदान स्थल पुग्ने धनुषा निर्वाचन क्षेत्र १ को निर्वाचन अधिकृत सुदीप डंगोलले जानकारी दिए ।उनका अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा १३ सय कर्मचारीको दरले खटाइएको छ । यस पटक पनि मतदानस्थलमा दुई वटा लाइनबाट मतदान हुने छन् । यद्यपि कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखेर मतदान गराइने उनले बताए ।

उनका अनुसार यसपालि मतदानस्थल आपाङ्गमैत्री पनि हुने छन् । कार्तिक २३ गतेको बैठकले सो निर्णय भएको छ ।

उनीहरुलाई लक्षित गरी मत पेटिका सहज रुपमा पुग्ने ठाउँमा र विगतभन्दा तल पनि राखिने तयारी छ । मतदानस्थलमा गर्भवती, ज्येष्ठ नागरिक, विरामी, असक्त, किरियापुत्री र सुत्केरी मतदाताको लागि विश्रामस्थलको पनि व्यवस्था गर्ने बताइएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८